DS
493
P89+ 7

प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

NUMBER 5
October 1968

संख्या ५
कार्तिक २०२५

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्रकाशक
श्री ५ को सरकार
शिक्षामंत्रालय, पुरातत्त्व विभाग
कान्तिपुर, नेपाल

प्राप्तिस्थान:
साझा प्रकाशन
पुलचोक, काठमाडौं

To be had of:
Sajha Prakashan
Pulchok, Kathmandu

मूल्य रु. ५।–

Price Rs. 5/–

Printed at the Jore Ganesh Press Pvt. Ltd., Kathmandu

प्राचीन नेपाल	**Ancient Nepal**
संख्या ५	Number 5
कार्तिक २०२५	October, 1968

सम्पादक

रमेशजङ्ग थापा

Editor

Ramesh Jung Thapa

Downloaded by - Ravi Shakya

विषयसूची

Contents

No. 5, Oct 1968, Kartik 2025

	पृष्ठ क	Page a
टिप्पणी र समाचार		
काठमाण्डू उपत्यकाको एक राजवंशावली *बालचन्द्र शर्मा*	१	1
चार्वाक दर्शन *बुद्धिसागर पराजुली*	१८	18
अश्वमेधीय यात्रा *देवीप्रसाद लंसाल*	२१	21
श्रीनिवास मल्ल र योगनरेन्द्र मल्लका ताडपत्र तमसुकहरू *शंकरमान राजवंशी*	२९	29
Museums–their nature and their practical services to archaeology and to education. *Graee Morley*	३४	34

टिप्पणी र समाचार

श्री ५ को सरकार पुरातत्व विभाग, युमुरी र रीशो विश्वविद्यालयको संयुक्त तत्वावधानमा जापानमा आयोजित "नेपाली कलाप्रदर्शनी" ठूलो सफलताका साथ सम्पन्न भई प्रदर्शनीका निम्ति गएका कलात्मक सामग्रीहरू नेपाल फर्काइएको छ । मेक्सीकोमा हुने उन्नाईसौं ओलम्पिकका अवसरमा विश्वव्यापी स्तरमा विभिन्न प्रदर्शनको आयोजना हुने भएको र यस अवसरमा नेपाली कला प्रदर्शित गर्दा संसारका विभिन्न भागबाट आएका दर्शक, बुद्धिजीवी तथा पर्यटकहरूले प्रदर्शनी हेर्ने मौका पाउने र नेपाली कलाको लोकप्रियता अन्तरराष्ट्रिय स्तरमा अझै बढ्ने भएकोले श्री ५ को सरकार नेपालका तर्फबाट पुरातत्व विभागले निम्नलिखित विषयका प्रदर्शनीहरूमा भाग लिँदैछ । (क) विश्वका सर्वश्रेष्ठ कलाकृतिको अन्तरराष्ट्रिय प्रदर्शनी । (ख) अन्तरराष्ट्रिय बालचित्रकला प्रदर्शनी । (ग) अन्तरराष्ट्रिय लोककला प्रदर्शनी । (घ) अन्तरराष्ट्रिय फिलाटेलिक प्रदर्शनी । पहिलो प्रदर्शनीमा नेपालका उच्चकोटीका प्राचीन कलाकृति समावेश गरिएको छ । यी कलाकृति यसअघि डेनमार्कमा देखाइसकिएका छन् । डेनमार्कबाट सोझै उपरोक्त प्रदर्शनीका निम्ति मेक्सीको पठाइएको हो । 'अन्तरराष्ट्रिय बालचित्रकला प्रदर्शनी' मा ५ वर्षदेखि ११ वर्षसम्मका बालखहरूले भाग लिएका छन् । चित्रकलाको विषय छ । "मित्रताको दुनियाँ" यो शीर्षक उन्नाईसौं ओलम्पिक आयोजक समितिबाट प्राप्त भएको हो । अन्तरराष्ट्रिय लोककला प्रदर्शनीमा हाम्रो मुलुकको लोकजीवनका विभिन्न पक्षसंग सम्बधित वस्तुहरू समावेश गरिएका छन्, जस्तै, आभूषण, वेशभूषा, भांडा, सांस्कृतिक वाद्यवादन तथा धार्मिक चाडपर्व आदिमा व्यवहारमा ल्याइने वस्तुहरू । अन्तरराष्ट्रिय फिलाटेलिक प्रदर्शनीमा नेपालद्वारा विगत ओलम्पिकका अवसरमा प्रकाशित डांकटिकट पठाइएको छ । उन्नाईसौं ओलम्पिक आयोजक समितिका अध्यक्ष श्री पेद्रो रामारेज भास्कीको निमन्त्रणामा पुरातत्व निर्देशकले नेपालको प्रतिनिधित्व गर्नुहुनेछ ।

नेपालको प्राचीन मूर्तिकलाको गंभीर अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले मूर्तिहरूको सर्वेक्षण गर्ने कार्य सक्रियताका साथै गरिँदैछ । सर्वप्रथम विभागीय अनुसन्धान अधिकारीहरूद्वारा उपत्यकाभरिका सबैभन्दा पुराना मूर्तिहरूको विस्तृत विवरण तथा फोटो लिने काम गरिँदैछ । यसको परिणाम निकै उत्साहवर्धक देखापर्दैछ र अद्यापि अप्रकाशित तथा थाहा नपाइएका महत्वपूर्ण मूर्तिहरू पत्ता लाग्दैछन् । यसमा केही अभिलेख अंकित पनि छन् ।

विभिन्न स्मारकहरूको जीर्णोद्धार पुरातात्विक सिद्धान्त-अनुरूप भइरहेका छन् । राष्ट्रिय अभिलेखालय तथा विभिन्न संग्रहालयमा अनुसन्धानको कार्य चालु गरिएको छ ।

हिज हाइनेस स्व. श्री केशरशमशेर ज. ब. रा. द्वारा स्थापित "केशर पुस्तकालय" को एक समारोहका बीच श्री ५ को सरकार पुरातत्व विभागलाई हस्तांतरित गर्ने काम सुसम्पन्न भयो । यस पुस्तकालयको अझै बढी विकासका निम्ति विभिन्न योजनाको तर्जुमा गरिँदै छ ।

रमेशजङ्ग थापा

काठमाण्डू– उपत्यकाको एक राजवंशावली

–सम्पादक बालचन्द्र शर्मा

गताङ्कको बाँकी:–

नान्यदेव

यहांदेखि नेपाली सम्वत् २१८ शाके संवत् १०१९ दक्षिण कर्णाटक देशदेखि नान्यदेव राजाले नेपालका दक्षिण मध्येस सिमरौनगढमा प्रवेश गर्दा भया ।

नन्देन्दुशून्यशशिसम्मितशाकवर्षे ।
तद्धापणस्य धवले मुनी तर्क्ष हस्ताद् ।
स्वात्यां शनैश्चरदिने रिपुमर्दलग्ने ।
श्रीनान्यदेवनृपतिर्विदधात्तु राज्यं ।

श्री राजाले शाके संवत् ल्याई चलाया । यी राजासित आएका नायाब भन्याका नायर देशवासी नेवारहरू ब्राह्मणपुत्र क्षत्रिय जातदेखि उत्पन्न भयाका आचार्यहरू अनेक जातसंग गरी बीमाजु देवता स्वइष्ट देवतासहित गरी आफू नेपालका राजासित लडी जिती राजाहरू भगाई भक्तपुरमा बसी नित्य हजारका राज्य गर्दा भया । मल्ल राजाहरू यिनका पालामा भागेका उत्तर बस्न गया । यी मान्यदेव राजाको भोग वर्ष ५०। अस्य पुत्र गंग देव वर्ष ४१। अस्य पुत्र नरसिंह देव वर्ष ३१। अस्य पुत्र वमनदेव वर्ष ३९। अस्य पुत्र रामसिंह देव वर्ष ५८। यी राजाका पालामा पाल्पाका राजा महावीर पुरुषार्थी मुकुन्द सेन आई सवा कोटि लश्करसाथ नेपाल जिती प्रवेश गरी शहर शहरमा ठलमल भए । यिनका लश्करले खेतको मूला काटी खाडल खनी राखी धान काटी कुनियो लाई ठाउं ठाउंका देवताहरू सबै डाकी भैरव भगवती आवाहन गरे । यहांपछि मछेन्द्रनाथका रथअगाडि राख्ने भैरव उखेली आफ्ना स्वदेश पाल्पा (बटोली) मा दिपठाया । सो अद्यापि छंदैछ । यी राजा ललितपत्तन पुग्दाका दिनमा मछेन्द्रनाथजात्रा लगनखेल डबली पुगी स्नान कर्म गराउंदा राजाको लश्कर आयाको देखी मछेन्द्रनाथ छाडी भागी गया । सो बखत मच्छेन्द्रका सुनको चंदुआमा झुन्ड्याइ-राखेका नाग ५ का मुखबाट आयाको पानीका धाराले मच्छेन्द्रनाथका स्नान मै रहेको राजा मुकुंद सेनले देखेर यी बहुतै प्रत्यक्ष देवता रहेछन् भनी आफुले चढेका घोडाका गलाको सुनको सिक्री झिकी डबलीमा रहेका मच्छेन्द्रतर्फ फाली चढाउंदा आफुले गलामा थापी लिनु-भयाको सिक्री अद्यापि छंदैछ । यी खस मगरहरू साह्रै दयाशून्य हुंदा नेपालमा अकीर्ति गरेकोले श्री पशुपतिनाथ आदि सबै देवता कोप भै श्री पशुपतिनाथका मुहारमा दाह समेत निस्की आयाको सबै राजा प्रजाहरूले देख्या । त्यसपछि नेपालमा महामारी प्रवेश भै १ पक्षका भित्र राजा मुकुंद सेनका लश्कर सबै साफ पारी यमलोक पठाइदिया । राजा एकलै फकीरको भेष गरी पूर्व दिशा गै त्यहींबाट आफ्ना स्वदेशमा गया । यी राजा मुकुंद सेनका प्रवेश-देखि नेपालमा खस मगर प्रवेश भयाका हुन् । (खाडल खनी राखेको मुलाको सिन्की र कुनियो धान हकुवा बनी गयाकोले सो चलन अद्यापि चलेकैछ) ।

कर्णाटक राजाले पांच पुस्ता राज्य गरेपछि मुकुंद सेन आई साफ गरेकोले नेपालमा राजा शून्य भएको सुनी नुवाकोटवासी वैश्य ठकुरीहरू धेरै आई सबै शहरको भोग गऱ्या ।

ललितपुरमा वैश्यहरू २४ टोल टोलमा राजा भया । यिनै वर्ष कान्तिपुर बारह टोलमा एक एक राजा भया । यही वर्ष श्री भीमसेनले कान्तिपुरमा बस्न इरादा गरी दोलखादेखि आई क्वाठ बाहालमा वैश्य ठकुरीका घरमा मनुष्यरूपले चकटी गरी बसिरहंदा भया । केही कालमा कारणवश फर्पिङका ठकुरीका घरमा काम पठाउंदा

फर्पिङमा लखेट्ता भीमसेन भन्ने ठहराई पसल छेका लाई सत्य कबुलाई लुंपी टोलमा टोका मूर्ति बनाई चित्रकारले भरी देवालय बनाई स्थापना गरीदिया । केही कालपछि क्वाठ बहालका ठकुरीले पनि केही प्रत्यक्ष पाई भीमसेन देवालयमा ठूला चित्रकारी गरी मूर्ति बनाई विराजमान गराया ।

फेरि यही वर्षमा नेपालदेखि १५ कोस पश्चिम मजीपाट शहरका राक्षस आई कांतिपुर दक्षिणपट्टिको छिपानीसित क्रीडा गरी जांछ भन्ने १२ ठकुरीहरूले सुनी अनेक युक्तिपूर्वक राक्षस बुझाई आफ्ना राजरक्षा निमित्त मर्जीपाट टोल नाम गरी घर बनाई प्रतिवर्ष इन्द्रयात्रामा ठूलो यात्रा गरी बसायाको अझतक छंदैछ ।

ललितपुरमा मंगलका १ ठकुरी लवट स्त्री जाति घरका खोपामा भीमसेन भनी पुजी राखेको मूर्ति जागी कोपेश्वर महादेवका दक्षिण मेरु शिलामा बलि फाल्न ल्याायाको बलि खाई कहतरा त्यहीं खोपामा अगाडि छाडी राखेछ र भीमसेन जागे भनी बलि चोरी माथि ल्याउदा बौस्वंचघा नाम राखी माटाको ठूलो मूर्ति चित्रकार गरी विराजमान गराया । खोपामा जागेका हुनाले सो खोपा मास्न नसकी अद्यापि छंदैछ ।

यही वर्षमा चावाहालको गणेश मूर्ति सुवर्णको बनाई यात्रा चलाई आफु ज्यापुनीपट्टिका छोरालाई काहसो नाम राखी सो मूर्तिको सुसारे गरिदिया । चिरुआदारतिरका छोरालाई दुर्गा जनाई दशैंमा ठूलो विधानपूर्वक खड्गयात्रा गरिदिया ।

यिनी ठकुरीहरू राजा भैरहंदा भक्कु भन्या जात धेरै नेपालमा आई मानिस समार्ता मारी खप्पर हातमा लिई जान्छ भन्ने ठकुरी राजाले सुनी प्रजाहरूका रक्षा निमित्त भक्कु मार्नुपर्‍यो भनी थछे महालक्ष्मी जगाई सब भक्कु नाश गर्‍या । यस पापक्षय निमित्त सबै ठकुरीका दरसंतान प्रतिवर्षका कार्तिक मैनाभर निराभिष व्रत गर्न चलायाको अद्यापि छंदैछ ।

यी वैश्य ठकुरीहरूको भोग जम्मा वर्ष २२५ (धेरै राजा हुनाले लेखिएन । यिनीहरू सबै लुच्चा हुन्) ।

त्यहांपछि सूर्यवंशी राजा श्री रामचन्द्रका वंशमा उत्पन्न भएका रामसिंह देवका छोरा हरिसिंह देव नाम केही कारणले अयोध्या छाडी सिमरौनगढी आई ठूलो मेहनत गरी कोही लंकाका राक्षसले यथाक्रम गरी बनायाका गढ्मा बसेका थिया । तुलजा देवीका आज्ञा-मुताबिक ती राजा हरिसिंह देव नेपालपुरीमा प्रवेश भए ।

अथ सूर्यवंशी राजाका वंशावली क्रमः—आदौ शून्य १, जल २, नारायण ३, ब्रह्मा ४, मरीचि ५, सूर्य ६, मनु ७, इक्ष्वाकु ८, शशाद ९, काकुस्थ १०, अनेना ११, पृथु १२, विश्वरंध्री १३, चन्द्र १४, युवनाश्व १५, कुवेराश्व १६, च्यवन १७, देव १८, विजया १९, उल्लूक २०, चक २१, वाहुक २२, पांचजन्ने २३, अंशुमान् २४, दिलीप २५, भगीरथ २६, क्रतु २७, नाभाग २८, अंवरीष २९, सिंधुद्वीप ३०, अयुतजित् ३१, शृतर्ण ३२, सुदास ३३, कलभाष ३४, नारीकवच ३५, दशरथ ३६, वज्रनाभ ३७, अलर्क ३८, खगनाश्व ३९, विधृत ४०, हिरण्य ४१, पुष्प ४२, ध्रुववंशी ४३, अग्निवर्ण ४४, महाश्वन ४५, मरुत् ४६, प्रशक्त ४७, शंतनु ४८, अमर्षण ४९, महाश्वन ५०, विश्ववृहज्जल ५१, अमृतजित् ५२, वृहत्भानु ५३, वाहा, ५४, क्रतुंजय ५५, वल्लभ ५६, साक ५७ शुद्धोदन ५८, लाङ्गूल ५९, प्रसेनजिन् ६०, हुण्डुक ६१, सुमित्र ६२, जित् ६३, नृसिंह ६४, नान्यदेव ६५, गांगदेव ६६, भयनृसिंह ६७, शक्तिसिंह ६८, क्षमार्चसिंह ६९, जित् ७०, नृसिंह ७१, भद्राश्व ७२, ७३, हर्षण ७४, दशक्रिया ७५, वसुवृद्धि ७६, प्रतीचि ७७, भानु ७८, दिवाकर ७९, वाहिनीपति ८०, सहदेव ८१, वीर ८२, बृहदश्व ८३, निकुंभ ८४, बहुरश्व ८५, क्रमाश्व ८६, सेनजित् ८७, युवनाश्व ८८, मान्धाता ८९, पुरुकुत्स ९०, संभूत ९१, अरण्य ९२, हर्यश्व ९३, त्रिज्यारुत ९४, नीलकण्ठ ९५, त्रिशंकु ९६, हरिचश्चन्द्र ९७, रोहिताश्व ९८, हरित ९९, पात्रयित्री १००, वासोशंका १०१, खट्वाङ्ग १०२, दीर्घबाहु १०३, रघु १०४, अज १०५, दशरथ १०६, रामचन्द्र १०७, कुश १०८, अतिथि १०९, निषाद ११०, नल १११, नभ ११२, पुंडरीक ११३, क्षेमधन्वा ११४, दमनक ११५, अहित ११६, साधना ११७, पारिपात्र ११८, बल ११९, थल १२०, वहदश्व १२१, भानुमान् १२२, प्रतीकाश्व १२३, सुप्रीति १२४, मरुत्देव १२५, सुरक्षत्रे १२६, पुष्कर १२७, अपरीक्ष १२८, सुतपा १२९, रामसिंह १३०,

हरसिंह देव १३१

वाणाब्धियुग्मशशि (१२४५) संम्मित शाकवर्षे
पौषस्य शुक्लनवमी रविसूनुवारे ।
त्वक्त्वा स्वपत्तनपुरीं हरिसिंहदेवो
दुर्दैवदेवविपरीतगिरिं प्रविष्टः ।

नेपाली सम्वत् ४४४ शाके संम्वत् १२४५। विक्रम सम्वत् १३८०, पौष शुल्क नवमी शनिश्चरवारका दिन प्रारंभ गरी हरिसिंह देव राजाले श्री तुलजा भवानी देवीसहित गरी आई भक्तपुरमा बस्नुभयो । यिनै राजा-संग कनौजिया ब्राह्मणहरू छ थर १ आचार्य, २ खड्गी (कसाई), ३ रजक (धोबी पानी चल्ने), ४ वैद्य, ५ नेवार ६ तेली यी जातसंग हुनाले र तुलजा देवीका कृपाले भक्तपुरवासी वैश्य ठकुरीले आफ्नु गादी सौंपिदिया ।

फेरि तुलजा भवानीकन दर्वारभित्रै देवालय बनाई राखिदिया । तुलजा भवानी राजाले ल्यायाको थाहा पाई देवी हेर्न भोटेहरू आउंदा दर्शन पाएनन् र धूमधाम गरी तिनीहरूले बसाई गयाको थुम्का अद्यापि छंदैछ । रजक जाति राजासित आई संकट कालमा कपडा धोइदिने रजक नाम बनियां जाति हुन् । ती रजक जाति राजा-ज्ञाले कोही भक्तपुरमा कोही देवपाटनमा आई बसे । यी राजाका वैद्यमा १ वैद्य कर्कोटक नागले लगी नागिनीका नेत्र रोगको इलाज गराउंदा निको भै गुणीजन रहेछन् भनी नाग खुशी भै वैद्यकन शेषनारायणसंधि बसाया ।

यी राजा सिमरौनगढदेखि आउंदा बाटोमा खानेकुरा केही नमिली तुलजा भवानीछेउ विनती गर्दा बाटोमा आयाको वनजन्तु पक्षी मलाई भोग बलिक्रम गरी खानू भन्ने देवीको आज्ञा पाए । वनविषे आउंदा १ ठूलो वन-भैंसी भेट भयो र बांधी ल्याई खड्गप्रहार गर्ने मानिस नहुंदा सूर्योदयका समय पूर्व दिशा गुदद्वार गरी झाडा फिर्ने खड्गी जाति रहेछन् र यी खड्गी (कसाई) का हातले महिषकन भोग दी रक्तधारा पारी सबैले महिष-मांस भक्षण गर्याका हुन् । त्यहांदेखि यिनै रीत गरी महिषमांस चलाया । नागदेशको देशवासी नेवार जातिमा यो प्रथा अझ तक चलेकै छ । यी नेपालवासी नेवार जातिका जनलाई कोही १ सिद्ध आउंदा महिष मांस खाने-लाई जनै हुंदैन भनी झिकी फालिदिया । केही दिनपछि द्विभाजुबाट यी राजा हरिसिंह देवलाई नान्यदेव राजा-देखिको गण सौंपिदिइन् र राजा खुशी भै द्विभाजुकन इष्टदेवता भनी प्रतिवर्ष देवाली पूजा गरी मेष संक्रातिका दिन ठूलो यात्रा गरी देश घुमाउने प्रथा चलाया । यी हरिसिंह देव राजाका भोग वर्ष २८ ।

अस्य पुत्र मति सिंह देव वर्ष १५। अस्य पुत्र शक्ति-सिंह देव वर्ष २७। अस्य पुत्र श्यामसिंह देव वर्ष । यी राजाका पालामा नेपालभर बडो उग्र दिन आयो । नेपाली संवत् ५२८ अधिक भाद्रपद शुक्ल १२ उत्तराषाढा नक्षत्र सौंबारका दिन बडो उत्पातसंयुक्त भूमिकंप आई मच्छिन्द्र-नाथ बन्द भै दिशा दिशामा भत्की सबै साफ मैदान भयो । जीवात जंतु असंख्य नाश भए ।

यी श्यामसिंह राजाका पुत्र भएनन् र अघि नान्यदेव राजाले भगाई राखेको मल्ल राजाका संतान जयभद्र नाम क्षत्रियकन तिरहुतबाट ल्याई आफ्नु एकमात्र पुत्री कन्या-दान दी राजा बनाई आफू शान्त भया ।

जयभद्र मल्ल वर्ष १५। यी अघिदेखिका राजाले भक्तपुरको राज्यपद पाया भनी नवदुर्गा गण खुशी भै देशका आग्नेय भागमा ठूलो रास गरी अन्न राखेको थुम्को अद्यापि छंदैछ । अन्नका रास हुनाले भक्तपुरमा बहुत अन्न स्थित भयाको हो ।

अस्य पुत्र नाग मल्ल वर्ष १५। अस्य पुत्र जयमल्ल वर्ष १५। अस्य पुत्र नागेन्द्र मल्ल वर्ष १०। अस्य पुत्र उग्र मल्ल वर्ष ११। अस्य पुत्र मणि मल्ल वर्ष १३। अस्य पुत्र अशोक मल्ल वर्ष २१। यी राजाले ललितपुरका रक्त बालकुमारीको सेवा गरी देवी प्रसन्न गराई ललितपुरका वैश्य ठकुरीहरू जिती ललितपुर भोग गर्या । 'नेपाल' मा घेरै बाहाल यिनै ललितपुरका वैश्य ठकुरी राजाहरूले बनायाका हुन् । देवपाटनमा पनि वैश्य राजाकी २ रानीले २ बाहाल बनाई ललितपुर च्यासल टोल चलाई घेरै गुठी राखिदिया । फेरि अशोक मल्ल राजाले कुमारी देवी ठूली हुन् भनी सेवा गरी रहंदा समयमा कुमारी नजिक बगी रह्याका बागमतीमनमतीका संगम धाराले जगा फराक गरी छाडी उत्तरपट्टि बग्न गयाको अद्यापि छंदैछ । यी राजादेखि बागमती कालकुमारी खुशी भै शुभ लक्षण भयाका पुत्र जन्माइदियिन् । यी राजा अशोक मल्लका

नेवारनीतर्फका छोराहरूले ज्योतिषी पण्डितहरूकन धेरै घूस खुवाई साइत छैन भनी टारिराख्दा अशोक मल्ल राजा शान्त भै गया र रानी सती गयिन् । नेवारनीका छोराहरूले राजपुत्रकन धपाई काजीहरू सबै वश्य गरी राजधानी चलाई राज चौतरिया भै रहंदा दाजुले मुलाढल कुलो भाईले एक पोखरी बनाया । पछि मध्यमा देवालय बनाउनलाई प्रजाकन झारा उठाई काठ लिन पठायाका थिए सो काठ बोक्न पठायाका प्रजाहरू बडो हांस ख्याल गरी आउंदा कमारो काम गरी आउनेहरूको बडो हांसी खेल भनी बूढा बूढाहरूले भनेको सुनी प्रजाहरूले राजा कसका कमारा भनी बूढाहरूसंग सुध्याउंदा बुढाहरूले अर्थ बुझाइदिया । सो सुनी बूढाहरूका साथ सबै प्रजा मिली बनबाट स्याउला ली धपायाका राजपुत्रकन खोज्न जांदा खान नपाई बनैपुरका पसलमा चिउरा मागिरहेका राजपुत्र हुन् भनी बूढाहरूले ठहराई प्रजाहरूले बोकी भक्तपुरका दर्बारमा लगी नेवार्नीहरूका दुवै छोराहरू स्याउलाले थिची मारी असली राजपुत्रकन गादीमा राख्या ।

यी राजालाई प्रजाले गादीमा राख्दा वर्ष ९ का उमेर थिया । यी राजाले प्रजाहरू सबै मिली बाबाका गादीमा राखिदिएको भन्नाले सबै प्रजालाई अनेक थिती बांधिदिएकाले राजाको नामै जयस्थिति मल्ल भन्ने नाम चल्यो । यिनले ४३ वर्षसम्म प्रजा शांति गरी राज्य गरे । यी राजाले आफ्नू सुना घर, सुना खेत भनी किन्न बेच्न हुन्या गरी चलाइदिया । ४ वर्षका भित्र ३६ जातको निर्णय गरी जात जातका कर्म गरी चलाइदिया । फेरि अघि अघिका राजाका पालामा हस्त प्रहार, छीक्वान्न २ मात्र डण्ड थियो । अबका पापका समयमा यस डण्डले साधु जन, प्रजा जनको रक्षा हुन्या छैन भनी रुपैया लिन्या डण्डको मर्यादा गरी चलाया । फेरि राजाहरू मर्न्या वेलामा ३६ जात जम्मा गराई पलंग बनाई मुर्दा राखी लैजांदा दीपक रागले बाजा बजाई ३६ जातको ऊंचोनीचो कसैले ठहऱ्याउनुहुन्या गरी मसानमा लगी जलाउने प्रथा चलाया । सो पलंग भन्याको मीआनाको नक्साको बन्दछ । म प्रजाहरूका मरण समयमा कहार कसाई बाजा बजाई मुर्दा लैजाने र आफ्ना जातविशेषका मसान बनाई जल्याउन्या रीत चलाया । फेरि जातले पायाको कार्य नगरी अरू जातको कार्य गर्न्यालाई डण्ड गर्ने प्रथा चलाया । फेरि आफू उद्धार निमित्त आर्यातीर्थका पानी एक शिला ३ मूर्ति लव, कुश, रामचन्द्रको मूर्ति प्रतिष्ठा गराई इन्द्रदेवहरूका लिंगकन इष्ट देवता गरी सदार्चन गरिदिया । सिद्ध योगी भेटी मृगस्थली मध्यका गोरक्षनाथ जगाई पाउका मूर्ति बनाई राखी सबैले धन्य धन्य भनाया । गोकर्णेश्वरमा नित्यार्चन सामग्री र अघिको जीर्णोद्धार गरिदिया । ललितपुरका कुंभेश्वरको अघिका देवालय दुइ तला छाना गरी गजुर चढाइदिया । फेरि कुंभेश्वरका देवालय बनाउनलाई तलाउ सोहर्दा यस तलाउमा शिलाका नारायणका मूर्ति १ गणेशका मूर्ति २, शिलाका मूर्ति ३, वासुकी ४, गौरी ५, वसाहा ६, कीर्तिमुख ७, आगम देवता ८ यी आठ मूर्ति तलाउभित्र पाइंदा स्थान स्थानमा स्थापित गरिदिया । शीतला शान्तिनिमित्त उन्मत्त भैरवका ठूलो मूर्ति प्रतिष्ठा गरी जगाई स्थापना गरी उन्मत्त भैरव शान्तिनिमित्त यिनका माथि आगमका मूर्ति स्थापना गरिदिया । नेपाली संवत् ५१५ मा यिनको बिस्तार सबै भैरवका शिलामा लेख्याको छ । यी जयस्थिति मल्ल राजाले नेपालमा धेरै स्थिति राखी अनेक धर्मपूर्वक ४३ वर्ष राज्य गरी शान्त भै गया ।

अस्य पुत्र यक्ष मल्ल वर्ष २०। यी राजा गादीमा बस्दा नेपाली सम्बत् ५४९ थियो । यी राजाले शंकराचार्य स्वामीदेखि दीक्षित भई ब्राह्मण पशुपतिका पूजारी गराई राख्याका ब्राह्मणहरूकन सुसारे पशुपतिनाथका भण्डारे देवपाटनका नेवार १ राखिदिया ।

अस्य पुत्र ३ जेठा राय मल्ल बनेपुरमा बसी ७ गाउंका राजा हुनगया । यिनको भोग वर्ष २१। यी राजाका पालामा बनेपुरका नेवार तेली १ कोही मीरसिंह नाम गर्‍याकालाई कुमारी कुंडका देवीले सुवर्ण महिषका सिर १ दियिन् र श्री पशुपतिनाथका अघि नभयाका चांदीका कवच बनाई अनेक हीरा आदि रत्न जडी शंख, १ मुखी रूद्राक्षसहित गरी कंचनयुक्त कवच चढाइदिया । नेपाली सम्बत् ६२२। तेलीले कान्तिपुरमा कवच चढाउंदा तेलका साल १ चढायाको कीर्तिपुरमा अझतक छंदैछ । यी मल्ल राजाका सन्तान नहुंदा बनेपुरका राजधानी यहांप्राप्त छुटिगयो ।

माहिला रत्न मल्लले दाज्यूसित विरोध गरी कान्तिपुरमा राजा हुन गया । परापूर्वकमा रामचन्द्र पातालमा गै महिरावण मारी तुलजा भवानी अयोध्या ल्यायाकोले

भवानी खुशी भै तुलजा भवानी जगाउन्या मंत्र दान गरी आज्ञा भयो कि हे राम ! यो मंत्र राज्याभिषेक हुन्यामात्र अभिषेक समयमा दिनू, अरूलाई नदिनू, पुस्तकमा पनि नलेख्नू भन्ने भवानीको वचन भै यिनीहरूका कुलमा त्यही रीत चलायाका थिए । पछि यक्ष मल्ल आफ्नु बुद्धावस्थादेखि पुत्रकन टीका दिनानिमित्त साइत देखाउंदा मन्त्री, गुरु, पुरोहित सबै मतो गरी राय मल्ल राजपुत्र बहुतै उग्र छ, यो राजा भया हामीलाई सुख कदाचित् हुने छैन भन्ने विचार गरी यो वर्षभित्र साइत छैन भनी ढांटी राजामा विनती चढाया । पछि नेपाली सम्वत् ५९८ मा राजा यक्ष मल्लको प्राण नाश समयमा गुरु पुरोहित सबै मिली माहिला रत्न मल्लकन मन्त्र सुनाउनलाई दिया । राजा शान्त भयापछि तुलजा देवी जगाउन्या मन्त्र पाउन्या रत्न मल्ल राजा गर्ने विचारका काजीहरूको र जेठो छंदै हामीले अरूलाई राजा गर्नु उचित होइन भन्ने काजीहरूको मतभेद मै आखिर जेष्ठ राजपुत्र राय मल्लकन गादीमा अभिषेक दिया । यहांपछि राजा रत्न मल्लले जब दाज्यूको र मेरो चित्त फरक भएको, सो दाज्यूका राज्यमा वसी परन्तुमा मेरो कल्याण छैन भन्ने विचारी भवानी तुलजा जगाई विनती गर्दा, मलाई ललितपुर लैजानू भन्ने देवीको आज्ञा पाए । सो आज्ञाबमोजिम एक रात्रिविषे कसैलाई पत्तै नदिई हरसिंह देवले सिमरौनगढ-देखि ल्याया का श्री तुलजा भवानी खड्ग ढाल समेत ली राजा रत्न मल्ल ललितपुर बस्न आया । राजा रत्न मल्लले कहिल्यै पनि तुलजा देवी खड्ग, ढाल नछाडी हमेशा आफुसंग राख्या । यस दिनदेखि भक्तपुरमा तुलजा जगाउने मन्त्र लोप भयो ।

केही कालपछि श्री हरसिद्धिको १२ वर्षको नाच उठी अमरापुरी (बुंगमती) मा नचाउन लगेका बखत यी राजा रत्न मल्ल पनि त्यहीं नाच हेर्न जानुभएको रह्याछ र हरिसिद्धिका मूल देवताले यिनकन डबली डाकी हुकुम भयो 'हे राजन्, कान्तिपुरे त्वं गच्छ राजा भविष्यसि मा विलंबं कुरुष्वत्र । मया दत्तं न चान्यथा । यति देवीका हुकुम हुंदा राजा रत्न मल्ल त्यहींदेखि कान्तिपुर गै १२ ठकुरीका मुख्य काजीका घर पुगी देवीको आज्ञा सुनाइदिया र काजीले हवस भनी राजपुत्रकन गुप्त गरी आफ्ना घरमा राख्या । केही दिनपछि जम गुठीका काजीले १२ ठकुरीको खाने वस्तुमा विष प्रयोग गरी सबलाई मारी रत्न मल्लकन राजा गऱ्या । राजा रत्न मल्ल बुंगमती जांदा ढाल चाहिं ललितपुरमा छाडी गयाकाले ढाल वहीं रह्यो, तुलजा र खड्ग साथमा हुनाले कान्तिपुर आयो । राजाले गादीमा बसी हुकुम चलाएपछि कार्जीले मेरा निमित्त १२ ठकुरी बराबर गरे मलाई पनि यिनका विरुद्ध भयापछि मार्नु बेर गर्ने छैनन् भन्या बिचार गरी केही दिनपछि केही कारण राखी काजीकन यमलोक पठाया ।

सर्पो व्याघ्रस्तथा राजा न विस्वासं प्रजायते ।
येषां विश्वासतो मन्ये शीघ्रं नश्यन्ति जंतवः ।
उन्मत्तानां भुजङ्गानां मद्यपानाञ्च दन्तिनाम्
स्त्रीणां राजकुलानां च विश्वासं नैव जायते ।

त्यहांपछि राजा रत्न मल्लले प्रजा सबै काबू गराई तांवाखानीबाट तांबा झिकाई अघि चलेका सिंहछाप बदर गरी आफ्ना टकको छापको पैसा बनाई नेपालभरमा पैसाको चलन गराया । यी राजाका पालामा भोट देशका कुकुर नाम गऱ्याको देवान भोटेजाति आई बहुत दुःख दिया र तिरहुतिया ब्राह्मण चार जना पाल्पा गै आफ्ना शिष्य सेन राजाका लश्कर ल्याई कुकुर जातिका भोटे मान्या । त्यसपछि नेपालमा खस चार थरीकन खेत बिर्ता दी जग्गा जग्गामा राख्या । यिनै वर्षमा यवनहरू नेपाल प्रवेश भयाका हुन् । खस चार थरी ल्याई भोट देशीय कुकुर जाति मराउने तिरोतिया ब्राह्मण चारै जना खिल्लत लिई आफ्ना देश गया । यी जातिका विषयमा कुकुस्यानाज्वल भनी अद्यापि नाम चलेको छ ।

फेरि यिनै राजाका पालामा दक्षिण देशबाट सोमेश्वरानन्द नामक एक सन्यासी स्वामी आयाकालाई श्री पशुपतिका पुजारी गराउना योग्य हुन् भनी पुजाहारी गरिदिया । अघि शंकराचार्य स्वामीले गरी गयाका दक्षिणी ब्राह्मण थिया । यिनका पालादेखि स्वामी पुजाहारी भया । यी स्वामी सुकुमार भयाकाले टहलुआविना यिनले काम चलाउन गाह्रो होला भन्नाले बनेपुरका दुइ जना थरी ल्याई पहिलेका भंडारे टहलुआका साथ पाला साथ काम गर्नालाई राखिदिया । फेरि देवताका वस्तुको रक्षानिमित्त कीर्तिपुरका नेवार दुइ थरी ल्याई वीसेत नाम गरी भंडारेमा यी डिट्ठा गरिदिया । फेरि यिनै स्वामीकन गुरु पदवी गरी देश रक्षाका निमित्त दक्षिणकाली आवाहन गरी श्री पशुपतिनाथका नैऋत्यकोण नवग्रहसंधिमा नवदुर्गा गण स्थापना गराया । फेरि ईश्वरीका आज्ञाले भंडारेहरूकन अघिका बौद्धका स्थानमा देवी देखाई प्रति

वर्ष इष्ट देवताका देवाली पूजा गऱ्या । फेरि स्वामीका आज्ञाले वीसेतहरूबाट पचलीभैरव थानका मतिली देवीको प्रतिवर्ष इष्ट देवताका देवाली पूजा गराया । ने. सम्वत् ६१०। अरू पनि धेरै कर्म गरी धेरै वर्ष सम्म श्री पशुपतिनाथका पुजाहारी मै मातृकासंधि समाधि गरी शून्य पदवीमा गया ।

यी राजा रत्न मल्लसित तुलजा जगाउन्या मन्त्र सिद्ध हुनाले नाना देवताका सन्धिमा सूक्ष्म मन्दिर बनाई तुलजा देवी स्थापना गरिदिया । यी राजाका पालामा नुवाकोटवासी वैश्य ठकुरीहरू अधीन गरी राज्य स्वाधिकार गरी चित्रकार कर्म गराया । नेपाल सम्वत् ६११ मा वैश्य ठकुरीहरूले कल गऱ्यो भनी यी राजाले धेरै सिपाही पठाई लडाई गरी नुवाकोटवासी ठकुरीहरूकन जिती नुवाकोटका फलफूल ल्याई पशुपतिनाथमा चढाया । अरू पनि यस्ता धेरै कर्म गरी वर्ष ५१ राज्य भोग गरी राजा रत्न मल्ल शान्त भै गया ।

अस्य पुत्र अमर मल्ल वर्ष ११। यी राजाका पालामा वनेपुरका कुह्मालहरूले अनन्तनारायणको माटोका मूर्ति पशुपतिनाथका मन्दिरभित्र स्थापना गर्छु भनी विनती गर्दा ठाउं दिएनन् र रात्रिका विषे आई कौनेले थाहा नपाई वत्सला देवीका उत्तरपट्टि स्थापना गरिदिया । यिनै राजाले मन्त्र शास्त्रमा प्रबल जाग्रत भयाका भुवनेश्वरी देवीका पुजाहारी मुनि आर्यसित मनन गरी मङ्गलेश्वरी, भुवनेश्वरी, जयवागेश्वरी, वत्सलेश्वरी पशुपतिनाथ खुशी गर्ना निमित्त असंभव गरी अनेक प्रकारका रथ बनाई मूशल १, शृंखल २, त्रिशूल ३, खड्ग ४, बलि ५, छुरी ६, पारा ७, आदिले गरी कुमार कुमारीहरू ९ जना रथमा चढाई शरीर छिन्नभिन्न गरी आषाढ कृष्ण अष्टमीका दिन ईशानेश्वर प्रदक्षिणा गरी देशमध्ये प्रतिवर्ष यात्रा गर्ने प्रथा चलाई लोकमा धन्य कहलाया । नेपाल सं, ६२७ मा यी अत्यन्त गुणी मुनि आचार्य मृतसञ्जीवनी लिन जांदा लोप भै गया ।

फेरि ३ त्रिभुवनेश्वरीमा कोही आई मेरो बलिदान पूजा गरिदेऊ भन्न आयो र उनी आचार्यले आफ्नो बालक छोरा ली बलिदान दिंदा पुत्र सेरीवरी प्रजा आउनेलाई फर्काई ताला मारी आफ्ना स्वास्नीलाई नेम गरी कोठामा हेर्नु छैन भनी काशीमा अमृत लिन गै फर्की ललितपुरका बागमतीपार पुग्या । देवपट्टनमा तिनका स्वास्नीले मेरो स्वामी छोरा कोठाभित्र पसेको निस्केनन् धेरै बेर भो भनी ताल्चा खोली हेर्दा बालक स्वामी दुवै मृतक देखी धिक्कार भनी मुर्दा उठाई मृतक बाजा बनाई स्मशान लिई गएको बाजाको शब्द सुनी सोह्रा मुनि आचार्यको शवयात्रा भनिदियाकोले मनमाफिकका भै अमृत भैंमा पोखाई ध्यानद भै आई कोठाभित्र आगमको दैलोको ताल्ला मारी आजदेखि तिम्रो बलिदान पूजा नहोस् भनी श्राप गरी त्यहींदेखि मुनि आचार्य लोप भया भन्ने भनाइ छ । अमृत थोपा खसेको ठाउं अमृतद्धा भनी आज तक भन्दै छन् ।

फर्पिङ् देखि आई ललितपुर बसेका दुर्गासंगमा आउने राजवैद्यकन ल्याई देवपाटन नवग्रहसंधि मूल स्थापना गरी यिनका कुलदेवताकन जगाई बसाया । यी राजाले हर्षपूर्वक मुनिजन खोजी गर्ने देवताहरूको पूजन– यात्रा गराई कान्तिपुरको राज्य गरी बस्दा भया ।

अब भक्तपुरपट्टि

राजा राय मल्लपछि अस्य पुत्र सुवर्ण मल्ल वर्ष १५। यी राजाका पालामा ने. सम्वत् ६३३ सालमा अनिकाल आई भक्तपुरका प्रजाहरू चारै दिशा फिजिया । यी राजाले भाइसित विरोध गरी भक्तपुर बनेपुरका दुव शहर भोग गरी बसेमा कान्तिपुरका अनेक देवीगणको नाच भयो भन्या सुनी गुणीजनबाट नवदुर्गागणको अनेक विधान गरी राखी नाच प्रारम्भ गराइदियाको हो । यी प्पुंचाप्याखं भन्ने अझ तक छंदैछ । फेरि बोडे महालक्ष्मीको बडो नेम गरी बोडेको पनि भोग गऱ्या । यी राजाले धेरै ग्राम ठिमी, बोडे, नकदेश, सांखु, चागु आदि सम भाग क्रमले भोग गरी शान्त भया ।

अस्य पुत्र प्राण मल्ल वर्ष २१। अस्य पुत्र विश्व मल्ल वर्ष १५। यी राजा स्वप्नमा ईश्वरका आज्ञाबमोजिम देवपाटन आई कान्तिपुरका राजा बुझाई चार नारायणहरू आवाहन गरी श्री पशुपतिनाथका चारै दिशामा यथाक्रमले स्थापना गऱ्या । त्यसमा जलशयनका सट्टा वासुकी हुन् । यिनका पालामा श्री पशुपतिनाथमा यी चांगुका मूर्ति स्थापना भयाकै साल हिमालय पर्वत पैंह्रो आई चांगुनारायण ढाकिया र इन्द्रचोक बस्ने सहस्र शिवानन्द कान्यकुज ब्राह्मण कौशिकी गोत्रले विष्णुमतीले बगाई ल्यायाका

नारायणका मूर्ति ल्याई अघिका नारायण आसनमा थापना गरिदियाका यी चांगुनारायण हुनाले सहस्र शिवानन्दका दरसन्तानभर देवाली पूजा चांगुनारायणमा अझतक भयाकै छ । निजै शिवानन्दले इन्द्रचोकमा इष्ट देवता स्थापना गरी आफ्नू शिला सालिक राखी गयाको अद्यापि छंदैछ ।

अस्य पुत्र त्रैलोक्य मल्ल वर्ष १५। यी राजाका पालामा पूर्वबाट मासको भारी ल्याउंदा त्यसमा मकै गेडा १ मिसी आयो र शास्त्रज्ञाता गुणीजनले दुर्भिक्ष गर्न्या अन्न भनी मकै पूर्वतर्फ फर्काई शान्ति निमित्त ब्राह्मणहरूले यज्ञ, पाठ, पूजा, ब्राह्मण भोजन गराई मेरासम्मत मैले यो दुर्भिक्ष अन्न नल्याउनू भन्ने हुकुम चलाया ।

फेरि यी राजाले तुलजा जगाउने विधि पुस्तादेखि-नभै कान्तिपुरमा गन्यामा बहुत खेद गरी देवीछेउ धेरै भक्तिभाव गरी सेवा गर्दा देवीबाट स्वप्नामा आज्ञा भयो – हे राजा यस विधिले पूजा गरी थापना गराई स्त्री जातिलाई कहिल्यै पनि नदेखाई राख्न सक्छौ भन्या प्रति दिन एक फेरा तिमीथैं म त्रिपाशा खेल्न आउन्या छु भन्ने आज्ञानुसार गुरुथौं सल्लाह गरी हीराको यन्त्र बनाई प्रतिष्ठा गराई पूजा गरी राख्यां । केही कालपछि यी राजाकी पुत्री गंगादेवीले छलकार गरी सांचो चोरी ताल्चा खोली भित्र पसी पूजा गरी ताल्चा मारी सांचो अघिका स्थानमै राखिदी छन् । पछि त्रैलोक्य मल्ल राजा सधैंका झैं गरी त्रिपाशा खेल्न तयार भै रहंदा देवी प्रकट हुनु-भएन र बहुतै दुःख साथ विलाप गरी भक्तिपूर्वक विनती गर्दा आकाशवाणी भयो -- हे राजन् मलाई तिम्री पुत्री गंगादेवीले छोई पूजा गरी गयिन् । अबदेखि दर्शन बोली हुन्या छैन । चण्डाल जातिका पुत्रीका अंगमा प्रवेश गरी मात्र बोल्नेछु भन्या नभवाणी सुनी पण्डितहरू बोलाई शास्त्रविचारबाट कर्मचाण्डाल जाति सुनार काम गर्न्या बांडा जाति ठहराई बांडाका छोरीहरूकन कुमारी तुल्याई पूजा गरी दुइ वर्षको शुभाशुभ जान्या गरी राख्याको आजतक छंदैछ । फेरि यिनले भक्तपुरका आदिभैरवकन रथमा राखी ठूलो लिंगाकार बनाई शत्रुहन्ता कर्मले लिंग ढाली टोल टोलका गणेश, दुर्गाहरू सबै रथारोशण गरी मेष संक्रान्तिका दिन वीसक्याट नाम प्रतिवर्ष रथयात्राको प्रचार चलाया । फेरि यिनै राजाले आफ्ना लगायत ठिमी आदि ग्राममा पनि प्रतिवर्ष अनेक देवताहरूको यात्रा गराया । फेरि यिनैले भक्तपुरका काली पनि रथारोहण गरी भैरवनाथ अनेक शक्तिविषे साधन इच्छा गरी काली-कालेश्वर प्रकाश गराया । यिनै भैरवनाथको रथ बनाउंदा पांग्रा कान्तिपुरको राजा बक्साई श्री पशुपतिनाथमा भेटी चढाई देवपाटनका कामीकन खाजा दी श्लेष्मांतक वनको रूख जीर्ण भयाको ल्याई बनाउने प्रथा चलाया ।

अस्य पुत्र जगत्प्रकाश मल्ल वर्ष २१। यी राजाले देशमा पूर्व भागका नदीमा हनूमान् साधना गरी ठूलो घाट बनाई धेरै कीर्ति बनाया ।

अस्य पुत्र जितामित्र मल्ल वर्ष २१। अस्य पुत्र भूपति मल्ल वर्ष ३४। अस्य पुत्र रणजित् मल्ल वर्ष ३३। यी राजासित गोर्खाका पृथ्वीनारायण शाह आई तीन वर्षसम्म रणजित् मल्लको चाकरी गरी निजका छोरासंग मीत लगाई बस्याका थिया । यी रणजित् राजाले भैरवनाथका देवालयमा सुनका छाना र दर्वारका ढोका सुनका बनाई धेरै चोक बनाया । फेरि कान्तिपुरका झै बाबाको सालीक राख्या मन्सुवा गरी कान्तिपुरका राजा जयप्रकाश छेउ तेलकारहरू मांगिपठाउंदा राजाले खम्बा बिगार्न्या संकेत गरी तेलकारहरू पठाइदियाकाले तेलकारहरूले खम्बा खडा गर्दा तीन टुक्रा गरी भांचिदिया । राजा रणजित्का मनमा बहुतै चिन्ता हुंदा यी तेलकारहरूले फेरि युक्ति गरी खम्बा जोरी खडा गरिदिया । रणजित् मल्ल खुशी भै तेलकारहरूकन धेरै खिल्लत दिया । जयप्रकाश राजाले पनि धेरै खिल्लत दिया । फरि यिनै राजाले धेरै खर्च गरी दर्वारको कोटयाहुति यज्ञ प्रारम्भ गरेमा यज्ञकुंड भरिएन र शास्त्रहरू विचार गरी नरबलि दिन सकेमात्र पूर्ण हुने ठहरी राजा चिन्तानुदेशी रहेका समय यिनै राजाका नेवार्नी भित्रिनीले राजपुत्र वीरनरसिंहको मरण भया मेरो छोरा राजा होला भन्ने विचार गरी द्रव्यद्वारा पुरोहितको चित्त बुझाई वीरनरसिंह रूपकां पुतली बनाई रात्रि सोही यज्ञकुण्डमा होम्न लायाछन् र चार दिनपछि कुमार वीर नरसिंह मल्ल शून्य भैगया । यस प्रकारले आफ्न सन्तान शून्य भयापछि राजा रणजित् मल्ल दिक्दार भै गोर्खाली-लाई राज्य सौंपी त्रैलोक्य मल्लले बनाइराखेका तुलजा ली आफू पनि काशीवास गै शून्य भैगया ।

इति भक्तपुरपट्टि वंशावली–क्रम : ।।

वाणाब्धियुग्मशशिसम्मितशाकवर्षे
पौषस्यशुक्लनवमीरविसूनुवारे ।।

त्यक्त्वा स्वपत्तनपुरीं हरिसिंहदेवो ॥
दुर्दैवदैवविपरीतगिरिं प्रविष्टः ॥
तत्सुनुर्जलधाविवेन्दुरुदितो वल्लारसिंहस्ततो ॥
जातो देवगणोपगीतमहिमा श्रीभद्रमल्लो नृपः ॥
तस्याभूदथनागमल्लनृपतिस्तस्यापि जातःसुतः ॥
तस्प श्री जयदेवमल्लनृपतिस्तस्यांपि नागःसुतः ॥
तत्सूनुश्च मदोग्रमल्लरुदिततस्यापि मणिःसुतः ॥
प्रोद्यन्मूर्तिरशोकमल्लसुकृतिःकीर्तिप्रतापोन्नरः ॥
तस्यात्मयोनिजजयस्थितिमल्लदेवः ॥
तस्मादभून्नरपतिर्जययक्षमल्लः ॥
यो विश्वविश्रुतिमहोग्रतरप्रतापो ॥
धर्मानुरक्तमतिरस्य च रायमल्लः ॥
तस्मादभूद्भुवनमल्ल इति प्रसिद्धः
श्रीप्राणमल्लवसुकल्पतनूस्ततोभूः ? ॥
मार्तण्डवर्तनिरतोजनिविश्वमल्ल ॥
स्त्रैलोक्यमल्लनृपतिः पुनरस्य पुत्रः ॥
क्षीराणीविव चन्द्रमाःकिमुत वै उद्यत्प्रभामण्डलः ॥
श्री कर्णः किमुतार्जुनोजनि जगत्सारैःसदारैर्गुणैः ॥
एतस्माद्विविधानवद्यविरसद्विद्यान्वितः श्रीजग ॥
ज्योतिमल्लनरेन्द्रवन्द्यतिलको भूतांघ्रिपंकेरुहः ॥
नरेशमल्लो नृपराट् बभूव
ततः सतांसंमतजन्महेतुः
मानी प्रजानां सकलागमानां
ज्ञातापि हर्ता रिपुसंततीनां
जगत्प्रकाशो नृपतिस्ततोभूत् ।
साक्षत् पृथिव्यामपरो महेश्वरः ।
दानेन कर्णश्च बलेन पार्थः ॥
विराजमानो नृपमंडलेषु ॥
तत्पुत्रःख्यातकीर्तिःसुमतिजयजितामित्रमल्लो नृपाणां
इन्द्रोभूत्सर्वविद्यागमनिगमविधौ यस्य बुद्धिर्विशेषः ॥
दातृणामग्रगण्यो रिपुगणविजयी सर्वसिद्धार्थविद्यो ॥
नेपाले भूमिपालैर्मणिमयमुकुटैर्घृष्टपादारविन्दः ।
अथ तस्य सुतोपि भूपतीन्द्रकरुरणावान
निधितहुतेन पूर्णः ।
रिपुमर्दनखंडनेपि शक्तः स्वकुले सूर्य इवापरो भवतः ॥
तस्यापि नरनिधिगुणिताप्राणोपराधे निधिः
स्वश्रे श्रीचरणारविन्दनिरतः कामारिसूनोपमः ।
नीतिज्ञः क्षितिपालभालतिलकः सौम्यः प्रजावल्लभः
तारानायकरूपभूपरणजित्मल्लाख्यसूर्यान्वयः ।
श्री मद्भूपतिवासवात्मजमभून्नेपालचूडामणिः ॥

अब कान्तिपुर महिमा वर्णन

अम्बर मल्ल राजाले नेपाल रक्षा निमित्त श्रीवीर विक्रमादित्य राजाले जमायाको हरसिद्धिको नृत्य ठूलो हो भन्ने विचार गरी प्रथम सो नृत्य सन्मानपूर्वक जगाउंदा भया । बौद्ध मतावलम्बी बांडाहरूले आफूले छुन नहुने देवताको राजा प्रजा सबैबाट ठूलो सम्मान भयाको देखी यीखले मान घटाउनका लागि मतो गरी सिंबुमा बसी अनुष्ठान न्यास, मन्त्र प्रयोग गरी रोपाईंका बेलामा पानी थुनी अनावृष्टि गरी अनिकाल पारी हरसिद्धिका हात्तीले अन्न खाइदियो भन्ने दोष लगाया । पछि सहकाल गर्नालाई खोकनाका महालक्ष्मी आवाहन गर्नुपर्‍यो भनी राजा बक्साई बौद्ध मतानुसार बांडाहरूले नाच उठाया । फेरि मनमयेजु त्रिशक्ति नाच चलाया । अमाल पर्वतवासिनी हलचोकदेवी, पचलीभैरवका नवदुर्गागण, लुमडी कालीका नवदुर्गागण, कङ्केश्वरी आदिका नृत्य चलाई देशमध्येका डहाथश्वरी (?) का नृत्य चलाया । यी ईट ठप्पेश्वरी (?) का नृत्य चलाउंदा कीर्तिपुरका बाघभैरवलाई धुवाहालमा स्थापित गरेकाले कीर्तिपुरमा पनि नृत्य गर्ने रीत चल्याको हो । यी राजाले अनेक स्थानमा गुणीजनहरू राखी देवतागण जगाई प्रतिस्थानमा नृत्य लीला गराउंदथ्या । एकपल्ट कंकेश्वरीका नृत्य प्रकाश गर्दा समयमा कोही दुर्जन मनुष्य पशुरूप भैरहंदा देवी कोप भै नरबलि भोग लिया र यहांदेखि नृत्यमा कष्ट होला भनी कालीपूजा गरी शान्त गराया । देवी कोप भयाकाले नरबलि दिएमात्र नृत्य हुने भन्नाले १२ वर्षमा मात्र देवीगणहरूको नृत्य गर्ने प्रथा चलाई दियाका अद्यापि छंदैछ ।

फेरि यिनै राजाले लुमडी, कंकेश्वरी, लुचुभली (?) आदिमा प्रेत चतुर्दशीका दिन यथाक्रमले होम गरी अमावस्याको दिन रथारोहण गरी प्रतिवर्ष शहरमा यात्रा गर्ने प्रथा चलाया । यी राजाले भक्तपुर राज्यबाट भाग पाई भोग गरेका ग्राम देश कान्तिपुर, ललितपुर, बांडागाउं, थैंव, हरिसिद्धि, लुभु, सानागाउं, सुनागुठी, थैंचो, चापागाउं, लेले, फर्पिङ्ग, खोकना, पांगा, कीर्तिपुर, थानकोट, बलम्बु, सतुंगल, हलचोक, फुतुं, धर्मथली, टोखा, चपलीगाउं लेलेग्राम, धनग्राम, चुकग्राम, गोकर्ण, देवपत्तन, बंदीग्राम, वेदीशारण, मालीग्राम, चाबुमती आदि ३२ ग्राम देशहरू यिनका अम्बलमा थिया । अघि अघिका राजाहरूले यी ग्रामहरू ब्राह्मणहरूलाई आफ्ना पुत्रीहरू

दान दियाका र कोही देश फाटी जाई बसेका कोही परापूर्वदेखिका देवताहरूले बसायाका हुन् । सांखु, शंकरदेव राजाले व्रजयोगिनीकन शंखाकार देश बनाई शंखपुर नाम राखी प्रजा बसाई चढायाको हो भन्ने सज्जन पंडितहरूले विनती गर्दा राजाले थाहा पाया । त्यसपछि कीर्तिपुर थेचोमा नौदुर्गागणको नाच बनाई प्रजालाई आनन्द दी सुखसित राज्य भोग गरी राजा अम्मर मल्ल शान्त भै गया ।

अस्य पुत्र सूर्य मल्ल वर्ष ८१। यी राजाले भक्तपुरका अमलमा रहेका सांखु, चांगु बलात्कारले जफती गरी आफ्ना देश बनाई चलन गर्‍या । केही वर्षपछि श्री बज्रयोगिनी माताको धेरै वर्ष सेवा प्रार्थना गरी चैत्रका पूर्णिमादेखि अष्टमीपर्यन्त पंचप्रकारका रथारोहण गरी देवी देशमा राखी बडो उत्साहपूर्वक प्रतिवर्ष यात्रा चलाई देश घुमाउने प्रथा र चांगुनारायणको यात्रा चलाया । राजा आफू पनि ६ वर्षसम्म शंखपुरमा बसी कान्तिपुरमा आया । त्यस बखत देवपाटनमा बडो उत्पात भइरह्याको रहेछ । उत्पातको बयान देवपाटनमा कोही प्रजाको मरण भई स्मशानमा दाह गर्नालाई लगी दाहा गर्नेहरू जिम्मा लागी दाह हुंदा मुर्दाको मस्तक फुटी उछिट्टेको गिदीको छिटा पर्दा पोल्ने गोठ १ कोही शूद्र जाति बाला नाम गर्‍याका मानिसका मुखमा परेछ र सो रस नरमांसको स्वाद छोड्न नसकी गुप्त गरी मुर्दाको मासु चोरी खांदै गरेका प्रभावले विकट राक्षस भै त्यहीं वनभित्र बसी प्रजाहरूको मृतक ल्याउंदा मुर्दा खोसी खाइदिने, कैले वनमा एकलै जाने मनुष्यकन पनि समाती मारी खाइदिने गरी बहुतै कष्ट दियाको राजाले सुन्या । यसपछि विचार गर्दा यही दैत्य बनेको बालाको मित्र १ तेलकारकन पंडितहरूबाट चित्त बुझाई लालचवश शास्त्रको प्रमाण राजाज्ञाबाट समेत मित्र मार्न कबूल गर्‍यो र मनवेगी लोहको शस्त्र बनाई खुवाउनलाई अनेक सर्जामसमेत आफूले लगी मित्र बाला दैत्यका खोजीमा वनभित्र पसेछ । केही दूर गएपछि मित्र फेला पारी स्वागत गरी भोजको सरजाम र रक्सीसमेत धेरै पारी अचेत भयापछि मनवेगी लोक शस्त्र प्रहार गरी मारी भागेछ । मरेको बाला दैत्य कबन्ध (मुर्कट्टा) रूपले मारी भाग्ने तेलकारलाई लगारी आउंदा खाडलमा परि उठ्न सकेनछ र सबैले माटोले पुरिदियाको बालागाल भनी अद्यापि देखाउंदैछन् । तेलीलाई बाला दैत्य मारी सबैको रक्षा गरिदिया भन्नाले अधि नभएको तेलीहरूको मुर्दा लैजांदा मृतक बाजा भनी सिरपाउ दियाको अझतक छदैछ ।

अस्य पुत्र नरेन्द्र मल्ल वर्ष ५। यी राजाका पालामा देवपट्टनवासी नेवार कोलोखा नाम गरेकोले नित्य चांगु जाई नारायण दर्शन गर्न्या नियम गर्‍याको रहेछ । एक दिन चांगुनारायण दर्शन गर्न जांदा मनमती असमेल गरी बढी आएकोले तरी जान नसकी खेद गरी बसेमा आकाशवाणी प्रभुको भएछ – 'हे कोलोखा, अब तिमीले चांगु-सम्म पुग्नु पर्दैन । मेरो बगी आयाको मूर्ति तिमीले लगी देवपट्टनमा चझकुंड स्वयम्भू ब्रह्ममूर्तिसंधि स्थापना गर, भन्ने सुनी भक्त कोलोखाले मूर्ति खोज्दा लक्ष्मी सरस्वतीसहित श्री भगवान्‌को मूर्ति मनमती नदीका पाखामा बगी आयाको देख्यो र यो स्वराज्ञानुसार ब्रह्ममूर्ति संज्ञी स्थापना गरी कृष्ण अष्टमीका दिन जाग्रम आदि अनेक पूजा गरी स्थापित गरेको नारायण मूर्ति अझतक छदैछ । यिनै राजाले अघिका त्रिशूलयात्रानिमित्त भुवनेश्वरीमा पनि युग्म देवालय बनाइदिया ।

अस्य पुत्र महीन्द्र मल्ल वर्ष २१। यी राजाले आफ्ना दर्बारका उत्तरपट्टि पशुपतिनाथको देवालय बनाई महीन्द्रेश्वर नाम राखी स्थापित गराया । फेरि दिल्लीका बादशाहकन स्वेत हंस र बाज चढाई बादशाह खुशी गराई महीन्द्र मल्ल राजाका साथ गयाका मोहरसिंह काजीका सल्लाहले आफ्ना नामको छ मासाको टक मागी ल्याई मोहरमा छाप राखी महीन्द्र मल्ली अधेली मोहर नाम चलाई भरमुलुकमा फिजाया । महीन्द्र मल्ल राजाले ल्यायाकाले महीन्द्रमल्ली, छमाशा टक मारेकाले अधेली, मोहरसिंह काजीका सल्लाहबाट मागेकाले मोहर भन्ने नाम चल्याको सो आजतक नेपाल राज्यमा प्रचलित छ। फेरि यिनै राजाले कान्तिपुरमा खसहरूलाई घर खेत बीर्ता दिया । फेरि यिनै राजाले तुलजा देवीको अघिको स्थान भक्तपुर हो भन्ने विचार गरी कान्तीपुरमा पूजा गरी नित्य भक्तपुर गै तुलजा जगाउने मन्त्र जपी दर्शन गरी आउने गर्दा रह्याछन् । एक दिन तुलजा देवी खुशी भै आज्ञा भएछ – हे राजन्, म राजा रत्न मल्लका पालादेखि नै कान्तिपुरमा बस्याकी छु । तिमीले नित्य कष्ट गरी यहां आउनुपर्दैन । तिम्रो मनमती भक्तपुरमा देखिने गरी बहुत उच्चा यन्त्राकार गरी त्यहीं कान्तिपुर राजा रत्न मल्लले मकन स्थापित गर्‍याका स्थानमा देवालय बनाऊ भन्ने देवीका आज्ञानुसार राजा खुशी भै कालीगढहरू जम्मा गरी देवालय बनाउने लक्षण बताउन

लागेका बखत अकस्मात् श्री इश्वरीका इच्छाले एक संन्यासी रूप प्रकट भै कालीगढहरूकन यन्त्राकार देवालयको लक्षण मन्त्रभेद बताई अंतरधान भैगया । तहांउप्रान्त कालीगढहरूले संन्यासीका आज्ञाबमोजिम गरी ईश्वरीको देवालय यथाविधिले सिद्ध्याई तैयार पाऱ्याको अद्यापि छंदैछ । नेपाल सम्वत् ६६९ माघ शुक्ल पञ्चमी सोमवार रेवती नक्षत्रका दिन श्री तुलजा भवानी भ्रमररूपले देवालयमा प्रवेश गरिन् । सम्वत् ६८४ साल, माघ कृष्ण दशमी, सोमबार, अनुराधा नक्षत्रमा तलेजुको देवालय प्रतिष्ठा गराया । भ्रमररूप भवानी देवालयमा प्रवेश भयाको राजाले देख्दा अत्यन्त हर्ष उत्साहित भै धेरै ब्राह्मणकन बिर्ता दक्षिणा दी संतुष्ट गऱ्या । त्यस दिन-देखि कान्तिपुरमा प्रजाहरूले ठूलो उच्चा गरी घर बना-उन पाया । फेरि यिनैले पशुपतिनाथका आदिका चार नाग बनाई चार मुखमा चढाया । यी नाग बाहुन हुनाले अद्यापि छंदैछन् । फेरि यी राजाले मछीन्द्रनाथ, तुलजा आदि धेरै देवस्थानहरूमा धेरै गुठ पूजा गहना राखी धेरै धर्म कीर्ति गरी शान्त भै गया ।

अस्य पुत्र २ जेष्ठ पत्नी कुन्तीतिरका शिवसिंह मल्ल वर्ष २५। कनिष्ठ रानीतरफका सदाशिव मल्ल । यी सदाशिव मल्ल दुर्जनका संगले दुर्जन भै घोडा पाली बथान तुल्याई प्रजाहरूका बालीमा छाडी खुवाई नाश गरिदिया र यात्रा हेर्न आउने सुन्दरी स्त्री जनमा बलात्कारसमेत गर्ने गरेकाले प्रजा बहुतै कष्टित भया । यिनका उपद्रवले प्रजा बागी भयाका र एक दिन यी राजा शिकार खेल्नका निमित्त मनहरातरफ गयाका बखत बागी प्रजा सबै मिली ठकुरी तिरका शिवसिंह मल्लको हुकुम भनी पीछा गरी मनहरातर्फ जांदा सदाशिव मल्ल भागी भक्तपुरतर्फ गया । त्यसपछि भक्तपुरका राजा भेटी मदत दिनुभया कान्तिपुरका साथ लड्छु भन्या कुरा गऱ्याछन् । राजाले मद्दत दिन कबूल नगरी प्रवस्ती गर्ने विचार साथ भत्ता र २ चोक दर्बार नोकरसमेत दी सुविस्तासाथ नजरबन्दीमा राख्याका केही कालपछि त्यहीं स्वर्ग भै गया । सदाशिव मल्लको चोक भन्ने अझतक प्रख्यात छंदैछ ।

त्यहांदेखि कान्तिपुरमा सूर्य वंशी राज्य लोप भै गया ।

त्यसपछि शिवसिंह मल्ल राजा भै ललितपुरका राजा काजी हातमा ली ललितपुरमा पनि रजाई चलाया । केही कालपछि दक्षिणी लम्बकर्ण महाराष्ट्रिय भट्ट आई कुलेश्वरमा पसी कुलेश्वरी जगाउंदा नन्द नाम गऱ्याका दुईजना (?) काठमाडौंका जैसी काजीले यिनीकन लगी राजा शिवसिंह मल्लछेउ भेट गराई गुरु पदवी गरी ललितपुर पाटनमा रजाई चलाई कान्तिपुर ललितपत्तन दुवै शहरमा देउतले स्थापना गराया । फेरि, केही दिन-पछि कंडेल चोकभित्र स्वान प्रवेश भयो र राजपुरोशित-हरूले यस वाक्यले शान्ति गऱ्या । कडेलचोक अभ्यंतर कुत्ता प्रवेशः शान्ति शिवसिंह मल्ल स्वाहा ।

यस्तो अशुद्ध वचन राजपुरोहितहरूका मुखबाट निस्केको सुनी राजा बहुत चिंतित भया । त्यसपछि देउतलेको प्रतिष्ठा गरी ब्राह्मणभोजनको संकल्प गराउंदा ब्राह्मणभोजमहंकरीष्ये भन्ने मेरा देशमा कोही पण्डितै नभया जस्तो भयो भन्ने विचार गरी काजीहरूसंग सल्लाह गर्दा देश देशका पण्डितहरू ल्याई राख्ने सल्लाह दिया र वाग्वादिनीले वरदान दियाका तिह्रौतिया पण्डित भयाकाले तिरहुतका राजाकन हंस, बाज सौगात पठाई विसंवार, कर्महेलको ढपतर बारख आदि थरका पण्डित-हरू मागी ल्याई आफ्ना देशमा राम्रा तौरसंग राखी घर खेत बिर्ता दी बसाया । यस दिनदेखि राजकुमारहरूकन डोला लिन जान्या पनि यिनै तिरहुतिया भया । मैयाहरूका संग आउन्या ब्राह्मणहरू पनि बिर्ता पाई तीनै शहरमा बस्या । फेरि, यिनै राजाले देशरक्षाका निमित्त श्री पचलीभैरव क्षेत्रपाल हुन् भनी यथाक्रमले माटोका कूप बनाई नाना द्रव्य भरी ठूलो मांसाहुति यज्ञ गरी प्रतिवर्ष आश्विन शुक्ल ५ रोजका दिन यात्रा गर्ने प्रथा चलाया । यी राजा शिवसिंह मल्लका पुत्र हरिहरसिंह मल्लले राजा शिवसिंह मल्लका जिंदगीमै शान्त भयाकाले राज्य गर्न पाएनन् । युवराज हरिहरसिंहका जेठा रानीतिर पुत्र जेष्ठ लक्ष्मीनर-सिंह कान्छी रानीतिर ऋद्धि नरसिंह मल्ल रह्याछन् । माहिली रानी लालमतीतिर सन्तान भयाको रहेनछ र युवराज स्वर्ग भयापछि माहिली रानी सती जान्छु भनी हठ गर्दा राजा शिवसिंहले माहिली बुहारी गर्भ भयाकीले सती जानु हुंदैन, तिम्रा गर्भबाट छोरी छोरा जे भए ता-पनि ललितपुरको राज्य दियां । जेठा कुमार लक्ष्मीनर-सिंह कान्तिपुरको राज्य गर्न्याछन् भनी बुहारी लालमती रानीकन बहुत तरहले बुझाई सती जान दिएनन् । युवराज हरिहरसिंहको संस्कार जेठा राजकुमार लक्ष्मी-नरसिंहबाट गराया । यसपछि माहिली रानी लालमतीका गर्भदेखि पनि पुत्र जन्म भयो र गर्भबाट राज्यसिद्धि गरी

पैदा भयाकाले सिद्धिनरसिंह भन्ने नाम प्रख्यात भया । राजा शिवसिंह मल्ल तीनै नाती संयुक्त गरी राज्य गरी रहंदा समय मै ज्येष्ठ कुमार लक्ष्मीनरसिंह मल्ल बेहोस (उन्मादपन) स्वभाव भयाकोले राजा शिवसिंह र गंगारानी बहुतै उदास भया । सोही बखत वनविहार गरी उदास चित्त शान्त गराउन्या निमित्त बुढानीलकंठ जान्या अर्धमार्गमा सुस्थिर गरी बघैंचा बनाई अनेक फलफुलका वृक्ष रोपी रानीवन नाम राखिदिया । फेरि शिवसिंह मल्ल राजाले नाती लक्ष्मीनरसिंह मल्लकन इलाज अनेक औषधि यन्त्र मन्त्र गरी रोग शान्त गराया । आफू वृद्ध भयाकाले कुमार लक्ष्मीनरसिंहकन तुलजा जगाउन्या मन्त्रसाथ कान्तिपुरका राज्याभिषेक गरी सिद्धिनरसिंहकन ललितपुरको राज्य अभिषेक दिया । तुलजा जगाउन्या मन्त्र भने एक जनालाई मात्र दिनू भन्ने तुलजाको हुकुम हुनाले सिद्धिनरसिंहले पायानन् । केही कालपछि लक्ष्मीनरसिंह, सिद्धि नरसिंह दुवै खेल्ना निमित्त रानीवन गयामा तुलजा मन्त्रका कारणमा झगडा परी लक्ष्मीनरसिंहले सिद्धिनरसिंहलाई रुखमा बांधी कुटी ठूलो सासना गरी आउंदा राजा शिवसिंह मल्लले थाहा पाई म छंदै यस्तो गऱ्या भनी कोप गरी लक्ष्मीनरसिंहलाई रातमा निकाला गरिदिंदा बाजेका भयले रात्रिविषे लक्ष्मीनरसिंह कान्तिपुर-देखि निस्की देवपाटनमा कोही १ रजकका घरमा गुप्त गरी रह्या । धेरै दिनसम्म गुप्त भै रहंदा रजिकपुत्री बुरुचो फिकुंचाहरूले बहुत तरहसंग राजपुत्रको सेवा गर्दा यिनीहरूका साथ राजपुत्रको गुप्त कार्यसमेत भै मेरो राज्य भयाको दिन तिमीहरूको जल आदि सबै कर्म चलाइदिउला भन्ने राजपुत्रले प्रतिज्ञासमेत गऱ्याछन् ।

यहांपछि यिनै राजा शिवसिंहका पालामा नित्यानन्द नाम १ षोडसन्यासी ब्रह्मचारी स्वामी दक्षिण देशदेखि आई श्री पशुपतिस्थानमा रह्याका गंगारानीले सुनिन् र रानी आई स्वामीको सम्मान गरी श्री पशुपतिनाथका पुजाहारी गर्न्या योग्य हुन् भन्ने निश्चय गरी पुजारी गरी राख्या । यी स्वामी बहुत सामर्थवान् हुनाले राजाका कल्याणनिमित्त इच्छा गरी अघोरनाथका दृष्टि सोझै पर्नाले ललितपुरका राजाहरू धेरै वर्ष नरह्याका भन्ने ठहराई दृष्टिदोषनिवारणनिमित्त अघोरनाथका अग्रभागमा कुतूहलक्रिया सम्पन्न गरी उन्मत्त भैरव जगाई स्थापना गऱ्या । यस दिनदेखि ललितपुरमा राजा मन्त्रीहरू बढिया भया ।

फेरि, बालकहरूलाई सिबुका बुढियाको देवपत्तन भय निवारण गराया । कोही कोही बालखहरूलाई सो बुढिया लागेमा उन्मत्त भैरव पूजा गरिदिंदा पनि शान्त हुने भो ।

फेरि, राजराजेश्वरी जङ्गल ठूलो गरी बनाई श्री पशुपतिनाथ प्रीत्यर्थ चढाया । रानी गङ्गालाई तिम्रा सन्तानलाई दुवै शहरको राज्य स्थित रहला भन्या । यी स्वामीको आशीर्वाद र पशुपतिमन्दिरको छाना बनाउन आज्ञा पाई रानी खुशी भै राजा बक्साई श्री पशुपतिनाथको ३ तले छाना बिग्रेकोले पछि कष्ट होला भनी माझको १ खण्ड झिकी २ तलामात्र कायम राखी धेरै सुन खर्च गरी गजूर छाना बनाई त्रिकोण ईट पारी देवालय बनाइदिया । सम्वत् ७७५ सालमा त्रिकोण ईट बन्यो । चांगुनारायणको देवालय पनि सम्पूर्ण गरी छाइदिया ।

केही कालपछि एक रात्रिविषे श्री पशुपतिनाथका देवालयका नैर्ऋत्यकोणको सर्प विशब्द गरी करायो र सुन्या मानिसहरूसमेत बहिरा भै गया । त्यसका चौथा दिनमा राजा शिवसिंह मल्ल शून्य पदवीमा गया । गंगारानी पनि सहगामिनी भयिन् ।

अस्य पुत्र लक्ष्मीनरसिंह मल्ल वर्ष ११। त्यसपछि रजकका घरमा गुप्त रहेका राजा लक्ष्मीनरसिंह कान्तिपुरमा आई राज्य गरी बस्दा भया । यी लक्ष्मीनरसिंह मल्ल राजा अधिदेखि नै बेहोशी स्वभावका, शान्त गराई राख्याका, फेरि उस्तै भै रजकहरूको पानी चलाइदिया र लालमती रानीले अब यहां बसी भलो हुन्या छैन भन्ने विचार गरी अधि राजा रत्न मल्लले भक्तपुरबाट कान्तिपुरमा ल्याइराखेका तुलजा देवी आफ्ना खोपामा राखी पुत्र सिद्धिनरसिंह मल्ल सौता कान्छी रानी ..... मती यिनका पुत्र ऋद्धिनरसिंह मल्ल र बुहारीहरूसमेत ललितपुरमा प्रवेश भै राज्य भोग गर्दा भया । यसै वर्ष परापूर्वका दिगंवाराही पश्चिम दिशाकी वाराही नन्दीग्रामका ग्राम देवी बगाई लैजांदा नन्दीग्रामवासी प्रजाहरूलाई सुनाइदिनु भयो —हे प्रजा हो, म रुद्रमतीमा बगी जान लागें । संभार गर भन्ने भगवतीको आज्ञा हुंदा पनि प्रजाहरूले वास्ता नराखी वाराही बगी जांदा चौथा दिनमा चौबाहालका नाग आई लान खोज्दा रुद्रमती तीरैतीर बगी बागमतीसम्म पुगेकाले वागमतीका नागले लान नदिई ताहीं अड्कनु भयाको धनतिल वाराही भनी बागमतीका मध्यमा अझतक छंदैछन् । वाराहीबाट बग्ने समयमा

नन्दीग्रामवासी मनुष्यलाई जनाउंदा पनि वास्ता नराखेकाले वाराहीबाट नन्दीग्रामवासीले सुख नपाउन् भन्ने शाप दिनु भयाकोले नन्दीग्रामवासी सबै दुःखी भयाका हुन् । त्यस दिनदेखि नन्दीग्रामको ग्रामरक्षक पीठ नहुंदा राजा बक्साई उत्तर वैष्णवीगणहरूको यात्रा प्रतिवर्ष चलाई धेरै गुठी पनि राखिदिया ··· ···

यसपछि ललितपुरका राजा सिद्धिनरसिंह मल्ल आफ्ना राज्यनिमित्त बुह (?) नामले १ ग्राम बसाई श्री पशुपति नाथको मूर्तिसमेत स्थापित गरी शिवपुर नाम राखी तामापत्र गरी श्री पशुपतिनाथकन चढाया ।

फेरि यी राजाले पचली भैरवको कूप कहिल्यै नभरिने भन्ने सुनी म भरिदिन्छु भन्ने अभिमान गरी अनेक द्रव्य बोकाई मङ्गलभट्टदेखि पचलीसम्म एक लहर गरी भराउंदा भरिएन र सबै भरियाबाट बागमतीका जल बोकाई दिन-दिनभर भराउंदा पनि नभरिंदा राजा आफै आई अपराध क्षमानिमित्त अनेक विधि पूजा गरी धेरै खर्च र प्रार्थना गरी प्रतिवर्ष एक हंस बलिसहित पूजा गरौंला भन्ने भाकल गरी पूजा गरिराखेको अद्यापि छंदैछ । यस्ता प्रत्यक्ष पचली भैरव हुन् ।

यस वर्ष कान्तिपुरमा भैरवयात्रा गरी ल्याउंदा अर्ध मार्गमा खसी यी कूपको थोर त्यहीं जमीनमा खसी ढुंगाले छोपिराखेको भेलुपाट भनी अझतक प्रख्यात छ । फेरि कान्तिपुरका राजाले धातुका कूप बनाइदिया ।

एक दिन राजा सिद्धिनरसिंह मल्ल कौसीमा बसी कान्तिपुरतर्फ नजर दिंदा कान्तिपुरका दर्बारबाट आगोका ज्वाला उडीं आएको देख्या र घोडा चढी कान्तिपुर जांदा दाज्यू लक्ष्मीनरसिंह राजा लोप भैरहेका रह्याछन् भतीजा प्रतापमल्ल बोलाई तुलजा जगाउने मन्त्र तिमीले पायौं कि भनी सुध्याउंटा बुबाज्यूबाट हुकुम हुंदा कोचा भडेलले छल गरी मलाई पठाएन नयां गोलफुमा टेकु दोभानको जल भरी मन्त्रसमेत सोही गोलफुमा हाली शान्त हुनु भया भन्ने विनती गर्दा राजा सिद्धिनरसिंह मल्लले भतीजा-लाई धिक्कारी फर्की महतारी लालमतीमा सबै बिस्तार बताउंदा मुमा रानीले देवता मैले खोपामा गुप्त गरी राखेकी छु । मन्त्र पनि कान्तिपुरबाट उडी आयाको तिमीले देख्यौ । अब भवानी तुलजाको प्रवेश ललितपुरमा हुन्छ । तसर्थ तिमीले भवानीको भक्ति गरिरहनु भन्ने विस्तार बतायिन् । फेरि रानी लालमतीले तुलजा जगाउन्या विधान जान्या ब्राह्मणबाट पुत्रलाई दीक्षा दिलाउने विचार गरी अधिदेखिका राजा पुरोहितहरूसित बुझी हेर्दा निजहरूलेसमेत तुलजा विधान भेद मिलाउन नसकी रानी बहुतै चिन्तामा रहनु भयाको बखत स्वप्ना के देख्नु भो भने विश्वनाथ भेट । सो स्वप्ना देखी वैश्यका घर बसेका विश्वनाथ उपाध्यायकन खोजी ल्याई बुझी हेर्दा विश्वनाथ उपाध्यायले भेद बताया र रानी खुशी भै आफ्ना खोपामा रह्याको तुलजा देखाई पुत्र सिद्धि-नरसिंह राजालाई दीक्षा दिलाई नेपाली सम्वत् ७४० मा तुलजाकन देवालय बनाई जेष्ठ शुक्ल १० का दिन हस्ता नक्षत्र व्यतीपात योग बुधवासर वृष राशीमा सूर्य भएका दिनमा प्रतिष्ठा गर्दा आकाशमार्गबाट एक अग्निको ज्वाला आई देवालयभित्र बस्याको राजा प्रजा सबैले देखी राजा खुशी भै गुरु विश्वनाथ उपाध्यायकन कल्पवृक्ष दक्षिणा दिन्छु भनी भन्दा विश्वनाथ उपाध्यायले ललितपुरका ब्राह्मणहरू सबै दुःखी छन् यिनै दुःखी ब्राह्मणहरूलाई दिनुहवस् भनी राजासित विनती गर्दा राजाले पनि मंजूर गरी दुइ कल्पवृक्ष तयार गरी गुरु विश्वनाथ उपाध्याय-द्वारा सबै उपाध्याय ब्राह्मणहरूको दरिद्र मोचन गराया । यी सिद्धिनरसिंह मल्ल राजाका महतारी लालमती रानी-कन हरिहरसिंह मल्ल राजाले मुखै नहेरी श्री पशुपतिका स्थानमा राखिदियाका थिए र काजीहरूले युक्ति गरी सुलग्नमा यी रानी राजाको भेट गराई श्री पशुपतिनाथ-संघि दक्षिणपट्टि भैरवका अगाडि संभोग भै गर्भाधान भयाका हुनाले यी राजा सिद्धिनरसिंह मल्ल बहुतै शान्त बानी स्वभाव भयाका हुन् । यी राजाले दर्बार पनि ठूलो बनाई यथाक्रमले भंडारखाल बनाई तीन खण्ड गरी तलेजु देवल देगुतले मच्छिन्द्रनाथकन चढाया ।

फेरि यी राजाले आफ्ना वैमातृ भाइ ऋद्धिनरसिंह मल्लकन सौगलटोल १ को राजा गरी चित्त बुझाई राख्या ।

फेरि यी राजाले दर्बारको ठूलो देवालय बनाई मूर्ति बनाउन लाग्दा श्रीकृष्णबाट राजालाई तैंले अरू मूर्ति बनाउन पर्दैन, मेरो मूर्ति फलाना जग्गामा छ भन्या स्वप्ना हुंदा खोजी हेर्दा बांया पाउको बुढी औंला फुटि-गयाको देखी राजाका मनमा मूर्ति खंडित भयाकोले बडो फिक्री गरिरहंदा फेरि राजालाई स्वप्ना भयो – हे राजन् मूर्ति खंडित भएको होइन । मलाई व्याधाले बाण प्रहार

गऱ्याको चिह्न हो । फिक्री नगर – भन्ने श्रीकृष्ण भगवान्को आज्ञा हुंदा राजा खुशी भै देवालय सिद्ध गरी गुरु विश्वनाथ उपाध्याय पुरोहित गरी धेरै द्रव्य लगाई कोट्टचाहुति होम गरी नेपाल सम्वत् ७५७ साल फाल्गुण शुक्लका दिन प्रतिष्ठा गराया । यो कोट्टचाहुति होम गर्दा कान्तिपुरका राजा प्रताप मल्ल र लम्वकर्ण भट्ट दुवै मिली यज्ञमा विघ्न गर्ने नियतले ठूलो काल सर्पका रूप गरी यज्ञ मण्डपमा प्रवेश गर्दा विश्वनाथ उपाध्यायले चाल पाई दुवैकन पक्री गोला पारी आफना आसनमनि राखी चल्न नसक्ने स्तम्भनास्त्र प्रयोग गरी पूर्णाहुतिका दिनसम्म पनि कसैले लिन आएन भने सर्पाहुति गरूंला भन्या विचार गरी राखे । फेरि १०।१५ दिनपछि यो अनर्थ हुन लागेको कान्तिपुरका जामन गुभाजुले थाहा पाई काठमाडौं भुटेश्वर गै धेरै दिन कष्ट गरी त्यहाँका देवता १ मोमहेन्द्र देवता १– २ देवता उठाई पठाया । यी दुवै देवताहरू आई बालकरूप ली भोटोमात्र लाई यज्ञमण्डपका द्वारसंधी बसी नबोली भोटामात्र थापी बस्दा स्याबजी आदि सबै समय तयार गरी यिनीहरूलाई दिंदा भोटामा थाप्दै १२। १३ मुठी चिउरा खाइदिया । सो देखी विश्वनाथ उपाध्यायले तिमीहरूको इच्छा के छ भनी सुध्याउंदा मुखले केही नबोली हस्तसंकेतबाट घुंडामनि गोला पारीराखेका दुवै सर्प देऊ भनी भोटा थापिरहंदा सत्य कबुलाई धेरै विनती गराई दुवै सर्प भोटामा राखिदिया । सर्प लगी बागमती र मरुमा बसिरहने जामन गुभाजुलाई सौंपिदिया । त्यसपछि जामन गुभाजुले मन्त्र प्रयोग गरी यिनीहरूकन जस्ताकोतस्तो गरी राजा र भट्ट खडा गरी बहुतै खै गरे । त्यस दिनदेखि राजा प्रताप मल्ल लम्वकर्ण भट्ट दुवैले जामन गुभाजुका मतबेगर केही कर्म गरेनन् ।

यहांपछि विश्वनाथ उपाध्यायले विघ्न टारी निर्विघ्न यज्ञ सम्पूर्ण गरिदियाकाले राजा खुशी भै गुरु विश्वनाथ उपाध्यायकन ललितपत्तनभरका लगापात जजमानी बिर्ता गरी गावाहालका घर धेरै खेत पनि दक्षिणा दिया । अघि ब्राह्मणहरूका जजमानी बिर्ता थिएन । त्यस दिनदेखि बिर्ता र विश्वनाथ उपाध्यायलाई पनि जजमानी बंडा गरी विश्वनाथ उपाध्यायका सन्तान राखी यी तिम्रा जजमान हुन् । ठूला ठूला कर्म अरू ब्राह्मणले नचलाउनु भनी बंदेज गरिदिया । फेरि यिनै राजाले गोपीकृष्ण नित्य नैमित्तिक गुठी राखी गुरु विश्वनाथकन पूजक गराया । राजाले ज्याउला पोखरी बनाउंदा सात तला सीढी राखी पांच इनार बनाई तयार गर्दा पानी उम्रेन र गुरुछेउ विनती गरी गुरु विश्वनाथबाट पुरश्चरण गरी पांच इनारबाट पानी उमराई पोखरी भरी प्रतिष्ठा गरिदिया ।

केही दिनपछि यी राजाले आफूले बनायाको खाडल देवालय ठूलो हो भनी रात्रिविषे हेरिरहंदा देवालयभित्र गोपीकृष्ण खेलिरहनु भयाको दर्शन पाया र कलियुगका राजाका चर्मचक्षुले यस्तो दर्शन महाकष्ट गरे पनि पाउन नसक्नेमा श्री राधाकृष्णका कृपाले सहजै दर्शन मिल्यो भन्ने विचार गरी ईश्वरविषे भक्ति चढाई संसारदेखि विरक्त भया ।

सौगलटोलका राजा ऋद्धिनरसिंह मल्ल पनि दाजुका झैं देवालय बनाउनेमा विचार गरी सौगलटोल शहरका गोपीकृष्णका देवालय बनाई प्रतिष्ठा गरी धेरै गुठी राखिदिया ।

केही कालपछि मछीन्द्रनाथको प्रतिवर्षको रथयात्रा गर्दा पुरुष जङ्गलमा नफर्की सोझो गरी रथ खेतसम्म पुरियो र रथ खेतबाट चलाई ल्याउन नसकी १५।१६ दिनसम्म अड्कंदा कोई २ वर्षका बालकका शरीरमा आवेश भै राजारथी ब्राह्मणले स्वस्तिवाचन गरी छत्र समाई राजगुरु विश्वनाथ उपाध्याय रथमा बसेमा मेरा रथ चलाई रथयात्रा गर्न सकौला भन्या आज्ञा हुंदा राजा सिद्धिनरसिंह मल्ल रथयात्रा गर्न आउंदा गोपीकृष्णको मूर्तिको दर्शन पाया । ती बालकले यस्तो श्लोक पनि पढ्या:–

नमः सवित्रे जगदेकचक्षुषे जगत्प्रसूतिस्थितिना-
शहेतवे ।।

त्रयीमयाय त्रिगुणात्मधारिणे विरिंचिनारायणशं-
करात्मने ।।

यो श्लोकको अर्थ बुझी आफुले दर्शन पायाको सत्य मानी आज्ञाबमोजिम गरी चलाउंदा रथ चल्यो । यसै वर्षदेखि ब्राह्मणहरू बसी रथयात्रा गर्ने रीत चल्यो ।

फेरि राजाले पुलचोक र ललितपुर एकै शहर गर्न्या अभिप्राय गरी नवटोल नामले ललितपुरका पश्चिमतर्फ शहर बढाया ।

त्यसपछि राजाले कस्ता कष्टसित तप गर्न लाग्या भने गर्मीको बेलामा ७ पाखी खापी अग्निसमीप गरी अन्दर यी बस्थ्या । जाडोका समयमा मनसीलाका पलंगमा ईंटका टुक्रा बिछाई त्यसमाथि आफु सुती एक पातलो पछ्यौरा वढी काट्थ्या । खानालाई पनि एक मुठीदेखि बढाई पाथीसम्म, पाथीदेखि घटाई एक मुठी-सम्म गरी भोजन गर्थ्या । असल मेवा मिष्टान्न त्यागी पायाका जे वस्तु भया पनि खाई पेट भर्ने पनि गर्थ्या । यस्तो धेरै दुःख कष्ट गरी शरीर स्ववश गराई अनेक ज्ञानका कविता गीत बनाई सबै लोक जनले धन्य कह-लाई श्री पशुपतिनाथ, श्री गुह्येश्वरी, मच्छीन्द्रनाथ, तलेजु, देगुतले, श्री कृष्ण आदि ठाउं ठाउंका देवस्थानमा अनेक गुठी गहना कीर्ती राखी नेपाल सम्वत् ७७४ सालमा मत्स्येन्द्रनाथका लगनयात्राका दिन कसैलाई नजनाई संसार त्याग गरी देशान्तरमा गया । यी जांदा श्री कृष्णका मन्दिरमा एक श्लोक पनि लेखिगयाका रहेछन् ।

श्लोकः—

यावन्न पतते चक्रं श्री कृष्णस्य च मन्दिरे ॥
तावत्सर्वैश्चिन्तनीयं जीवितोहं न शंसय ॥१॥

पछि मन्दिरमा लेखियाको श्लोकः—

सिद्धिर्नसिहः सर्वज्ञो जीवन्मुक्तो जितेन्द्रियः ।
माधवप्रियः श्रीभक्तो योगीश्वरः कवीश्वरः ॥२॥
वीरो यो भवति त्यागी हरिसिंहस्य नंदनः ।
इत्याख्यानं पठेन्नित्यं सर्वपापैःप्रमुच्यते ॥३॥

यी राजा जीवन्मुक्त हुन् । यिनले ललितपत्तनको राज्य ५९ वर्षसम्म गऱ्या ।

अस्य पुत्र श्रीनिवास मल्ल वर्ष ४२। यी राजाले मूल चोक बनाई अधिका महालक्ष्मीपीठमध्यमा गरी सुवर्ण देवालय बनाए । फेरि यसै मूल चोकका ईशान कोणमा आठ कुनाको देवालय बनाई अघि तलेजु र देगुतले एकै देवालयमा रहेकाले तलेजुका आज्ञा पाई त्यहीं आठ कुनाको देवालयमा सारी आफ्ना गुरु वृहस्पति, मधुसूदन उपाध्यायले स्थापना गराया ।

फेरि ..... यिनै राजाले दसैंका पूजा गर्ना निमित्त तलेजु देवता मूल चोक दसैं घरमा तल सारी ल्याउंदा मूल चोकका आग्नेय कोण भैरवसहित गरी नवदुर्गा नाच्याको देखी गुरु मधुसूदन उपाध्यायसंग मत गरी तीन थर बांडाहरू डाकी यिनीहरूबाट नवदुर्गाको नाच नचाई दसैंभर नचाइराख्ने रीत चलाएको अद्यापि छंदैछ ।

फेरि आफ्ना बाबाले कार्तिक ५ दिनसम्म कार्तिक नाच चलाइराखेकोलाई कार्तिक भरमैह्रा नचाउने रीत चलाया ।

फेरि नेपाल सम्वत् ८०० सालमा मछीन्द्रनाथका अगाडिका भैरवका मूर्ति जीर्ण भयाकाले नयां बनाई मधु-सूदन उपाध्यायबाट प्रतिष्ठा गरी चढाया । यी श्रीनिवास मल्ल राजा नीलकण्ठ जान भनी तयार हुंदा कान्तिपुरका राजा प्रताप मल्लले रोक्नु भयाको खबर सुनी मनमाफिक गरिरहंदा स्वप्ना देखिया र कुंभेश्वरका सात नागका मूर्ति बनाई पोखरीमा राखी नीलकण्ठ स्नान गराया । नील-कण्ठमा बगेका एक जोगीको तुम्बा जोगी कुंभेश्वर आउंदा गौरीकुंडमा पाई नीलकण्ठ निश्चय गरी स्नान गरी प्रति-वर्ष चलाइदिया ।

भाग काजीसंग मत गरी मछीन्द्रनाथका धेरै थिती बांधी शिलापत्र लेखी बसाया । यी भागै काजीले मकवान-पुरसम्म लडाई गरी जिती लिया र फेरि भाग काजीले ठूलो तीन तले सतल बनाई शिवलिंग स्थापना गरी मधुसूदन उपाध्याय पुरोहितबाट प्रतिष्ठा गरी गुठी राखी नित्यार्चन चलाया ।

वहांपछि यी राजाले धेरै धर्म कर्म गरी धर्मशालाहरू बनाई शुभनाम दूरको राज्यसमेत चलाई केही वर्षपछि शान्त भै गया ।

अस्य पुत्र योगनरेन्द्र मल्ल वर्ष ..... । यी राजाले अधिका भीमसेन जीर्ण भयाकाले महान् क्रोधमूर्ति दुःशा-सनवध गराई महातामस मूर्ति गरी बाउका नाम होम दी कंकाली शक्काली राखी विश्वनाथ उपाध्यायका ज्येष्ठ पुत्र हरिनाथ उपाध्यायबाट प्रतिष्ठा गराई जीवन न्यास गरी नाकका प्वालमा पिउरी राखी फुंकार गराई पिउरी मण्डलका डबलीसम्म गयो । यस्तो जगाई ठूलो देवालय बनाई प्रतिष्ठा गरिदिया । यस्तो उग्र मूर्ति भया भन्या यी भीमसेनका सम्मुख हुन्या बित्तिकै मानिस मरिगया र राजा योगनरेन्द्र मल्ल हरिनाथ उपाध्यायलाई डाकी

यी हाम्रा भीमसेन अति उग्र भई प्रजाहरू खान लाग्या । यस्ता भया सबै प्रजाजनको नाश हुनजाला । किंचित् शान्त गरिदेउ भन्दा अघि आज्ञाबमोजिम उग्र भयाकै ठीक छ भनी हरिनाथ उपाध्यायले शान्त गरिदियानन् र राजाले ..... बाबा कै गुरु विश्वनाथका पुत्र मधुसूदन उपाध्यायकन डाकी धेरै सम्मान गरी विनती गर्दा मधुसूदन उपाध्यायले यिनै भीमसेनको जीव घण्टमा सारी हात मुख खुम्च्याई घंट बागमतीमा बगाई भीमसेन शान्त गराइदिया । यिनै हरिनाथ उपाध्यायका जेष्ठ पुत्र भया पनि बडो कोपी झिकीदार हुनाले राजा श्रीनिवास मल्लले यिनैसंग दीक्षा नलिई माहिला मधुसूदन उपाध्यायसंग दीक्षा लियाकाले राजा योगनरेन्द्र मल्लले पनि मधुसूदन उपाध्यायका पुत्र विद्यानन्द उपाध्यायसंग दीक्षा ली मूल चोकका दक्षिणपट्टि देवालय बनाई न्हुल नाम राखी सुनधारा बनाई धारामा अनेक देवताहरूको ध्यान निकाली ठटु लायंकु नाम गरी ढोकाका दाहिनातिर नरसिंह बायां गणेश राखी न्हुदेवलमा आफ्ना नित्य कर्म पूजा गर्ना निमित्त तुलजा राखिदिया ।

फेरि यी राजाले गुरुको आज्ञा पाई बज्रवाराहीका अगाडि शिलाको महिष मूर्ति बनाई लक्षाहुति यज्ञ गरी नेपाल संवत् ८२० मा प्रतिष्ठा गराइदिया ।

फेरि कुंभेश्वरीका देवालय अघिको दुइ तलेकन पांच तला गरी सुनको छाना ..... कोटचाहुति होम गरी प्रतिष्ठा गराया । यी राजाले हरिसिद्धि नाच उठाई ललितपुरका मूल चोकमा नचाउन ल्यायाका दिन नाच सकी मूलचोकका पूर्वपट्टिका कोठामा सुकलागरिरहंदा कान्तिपुरका कवीन्द्र जय प्रताप मल्ल राजा नाच हेर्न आई दिनको नाच सकी रात्रिको नाच प्रारम्भको तयारीमा लागेका अवस्थामा भतीजा योग नरेन्द्र मल्ललाई उठाउन राजा प्रताप मल्ल कोठाभित्र पस्दा राजा योगनरेन्द्र मल्ल साक्षात् हरिसिद्धिको रूप भै खड्ग खप्पर हातमा ली रक्तपानसमेत गर्याको मुखमा रक्तमय भै सुकला भैरह्या को प्रताप मल्लले देखी मनले नमस्कार गरी 'क्षमस्व' भनी बाहिर आउनुभयो । यस दिनदेखि यी राजा प्रताप मल्लले भतीजा योगनरेन्द्रबाट आफूलाई ढोकाउनसमेत बन्द गरी हरिसिद्धिको अवतार ठहराई बरु आफैले उनलाई अंतस्करणले ढोग दिने गर्या ।

यी राजा हरिसिद्धिका अवतार हुनाले हरिसिद्धिको बाजा मुखले बजाई दुपातका ज्यापुहरू नचाउन्या गरी हरिसिद्धिको नाच नौले बनाया । यी नाच बनाउंदाका देवता अझतक न्हुला देवता छंदैछन् । नाच भने यी राजाका पालासम्म चलि रह्यो ।

फेरि यी राजाले तुलजा लगी कीर्तिपुरका क्वाठवो (?) देवालयमा दक्षिणपट्टि अघिको गणेश मूर्ति तल सारी तुलजा स्थापना गरी ठूलो घण्ट चढाई त्रिशुली वीं (?) बनाई राख्याका त्रिशूली वीं (?) अझ तक छंदैछन् ।

फेरि तुलजा ललितपुरमा फर्काई ल्यायापछि घण्ट त्यहीं रह्यो । सो घण्ट अति राम्रो हुनाले राजा प्रताप मल्लले चोरी ल्याउने इरादा गरेका थाह्रा पाई राजाले रातारात घण्ट बोकाई सबैका माननीय मछीन्द्रनाथका देवालयमा ल्याएपछि झुंडाइदियाको अद्यापि छंदैछ ।

फेरि यी राजाले भक्तपुरका बिसक्याट हेर्न बोलाउन पठाएन भनी रिसानी भै आफ्नू दुइ भाजु रथारोहण गरी बिसक्याटको नक्सा ली लिंग ढाली प्रतिवर्ष भेष संक्रान्तिका दिन क्वाथछें बालकुमारीमा रात्रिभर अनेक विधि पूजा गरी मांसाहुति शिलाहुति यज्ञ गरी अमावस्याका दिन घोडा यात्रा गरी बालकुमारी रथारोहण गरी रथ यात्रा चलाया । यिनै दिनमा सिन्कोबहील भद्रकालीमा पनि विधान पूजा यज्ञ गरी रथारोहण गरी यात्रा चलाया ।

फेरि बज्रवाराहीमा पनि चैत्र शुल्ल चतुर्दशीका दिन जात्रा चलाया । बज्रवाराहीको अघिको जात्रा कार्तिक शुक्ल अष्टमीका दिन र बालकुमारीमा पनि माघ शुक्ल पूर्णिमामा हुने हुनाले दुवै कालमा अद्यापि यात्रा चलेकै छ ।

फेरि यी राजाले गुरुसित मत गरी देगुतलेका अगाडि ढुंगाको खम्बा बनाई आफनू सब परिवारको मूर्ति (सालिक) राखी बहुतै भक्ति नियम गरी विद्यानंदोपाध्यायबाट प्रतिष्ठा गराई जगाई बसाया ।

यी राजा धर्मखम्भ प्रत्यक्ष हुनाले भक्तपुरका राजाले सहन नसकी यिनको सन्तानशून्य गराउन्या उपायका लागि दर्वारका दक्षिणपट्टि कोटि लिंग स्थापना गरी देवालय बनाईदिया ।

फेरि यी राजा चांगुनारायण दर्शन गर्न जांदा यिनै भक्तपुरका राजाले खाने वस्तुमा विष मिलाई सौगात दिइ-पठायाकोले सो खाना खाई विषको डाह भयापछि थाहा पाई काजीहरूलाई राजाले भने – हे काजीहरू हो, भक्त-पुरका राजाले मेरो डाह गरी आज खानमा समेत विष पारी खुआयाछन् । विषको शान्ति गरी म बाँच्न सक्छु । तर आफ्ना द्रोही रहेका स्थानमा बस्नु छैन तसर्थ म भन्छु–अब मेरो प्राण मुक्त हुने बेला भयो । चांडो शंखमूल पुऱ्याऊ भनी तमाखु खांदै मूर्छित भया र काजीहरूले चलाकीसाथ पाल्कीमा राखी २ घडीभित्रै शंखमूल पुऱ्याई दिया र राजा शंखमूलमा शान्त हुनु भो । राजा शंख-मूलमा शान्त हुंदा बखत घोडा चढी दौडाई राजा हरि-सिद्धितर्फ गयाको सबै दुनियांले पनि देखेछन् । यी राजा यस्ता प्रतापी थिया ।

अस्य पुत्र महीन्द्र मल्ल वर्ष ३ ..... यी बालख गर्भ रहंदा यिनका महारानी बहुलाइन् भनी धपाई दुनि-याले अरू राजा गरिराख्या । यी रानी गोर्खामा सरण जाई त्यहीं पुत्र जन्म्या र महीन्द्र मल्ल नाम गऱ्या ।

दुनियांले गरेका राजा इन्द्र मल्ल वर्ष २। त्यसपछि गोर्खाका राजाले यी ललितपुरका काजी भारादारकन आफ्नु राजपुत्र धपाई अरू राजा गरी भोग गर्न्या पापी हो । लडाई गर्छौं भने तैयार हो भनी ठूलो धम्की दिइ-पठाउंदा काबू भै फेरि महीन्द्र मल्ल राजा ल्याई गादीमा बसाया ।

यी राजाका महतारी कान्तिपुरमा रहंदा मिलू नाम गऱ्याका काजीले अनेक खेल गरी यिनै रानी मछीन्द्रनाथका देवालयमा ल्याई प्रजाहरूलाई चिनाई प्रजाहरूसमेत भै रानी दर्बारमा पुऱ्याइदिया । तर पुत्रसंग भेट्न पायानन् र मिलू काजी पनि दर्बारमा बस्न नपाउने भै फेरि यी मिलू काजीले नबहिलटोलका प्रजा हातमा लिई साइत हुनासाथ यिनले दर्बारबाट बाहिर आउने सनद गरी मिलू काजी रात्रिविषे दर्बारभित्र पसी राजाले दर्शन गरी राजा महतारीका काखमा राखिदी हुकुम चलाया । ती महीन्द्र मल्ल राजाको भोग पनि धेरै वर्ष नभई शान्त भै जांदा सन्तानशून्य भै मूलमा जन्म भयाकाले धपाई ल्याई पाटनमा रह्याका भक्तपुरका राजाका पुत्र योगप्रकाश मल्लकन राजा गराया ।

योगप्रकाश मल्ल राजा पनि बिफरले नेपाल संवत् ८४३ मा शान्त भै गया ।

यसपछि छोरीतिरका सन्तानलाई राजा गराया । यी राजाको नाम विष्णु मल्ल । राज्य वर्ष १९। यी राजाले चोभार गणेशको देवालय बनाई धेरै ब्राह्मणहरूकन बिर्ता दी प्रतिष्ठा गऱ्या । जयप्रकाश मल्ल त्यहां आई विष्णु मल्ल राजाका सन्तान लेखाई फर्कंदा ललितपुरको कोट २ मा आगो हाली जलाई गया र ललितपुरका प्रजा काजीहरूले गोर्खाली राजा पृथ्वीनारायण शाहकन नुआकोट तिमी-हरूले जफदी गरिलेऊ । हामी राजा जयप्रकाशलाई मदत दिदैनौ भनी चिट्ठी लेखिपठाउंदा गोर्खाली राजाले चढाई गऱ्या । यसमा राजा जयप्रकाश बहुतै चुकेका हुन् ।

फेरि यी राजाले धर्मको सम्मान गरी श्री पशुपति-नाथमा चांदीका जलहरी चढाया । कुंभेश्वरमा सुनको नन्दी मूर्ति बसाया । शंखमूल जाने बाटोमा पाटी बनाई लक्ष्मीनारायणको मूर्ति स्थापना गऱ्या । फेरि दरबारका दक्षिणपट्टि विष्णु प्रतिष्ठा गरी ठूलो देवालय बनाई नित्यार्चन गुठी राखिदिया । आफ्ना सन्तान शून्य भया-काले कान्तिपुरका जयजगत् मल्ल राजाका पुत्र राज्य-प्रकाश मल्लकन राजा गरी आफू शान्त भया ।

राजा राज्यप्रकाश मल्ल वर्ष १५। यी राजा बडो भक्तजन शान्त मूर्ति हुनाले प्रधानहरूले राजाका नेत्र बन्द गरिदिया । यी राजाले शालिग्राम धेरै संग्रह गऱ्या । लक्ष्मी नारायणको मूर्ति स्थापना गऱ्या । फेरि दर्बारका दक्षिणपट्टि विष्णु मूर्ति प्रतिष्ठा गरी ठूलो देवालय बनाई नित्यार्चनगुठी राखिदिया । यी राजाले प्रधान काजीहरूको मन नपरी शंखमूलमा श्राद्ध गर्न गयाका बखत त्यहींबाट धपाइदिया । यी राज्यप्रकाश मल्ल राजाका पालामा बुबहालको सोध नाम गऱ्याका बांडाले यप्पा वैष्णवीमा कोही बंगाली ब्राह्मणहरूले राजाको जय निमित्त मोहनी साधना गरेको छ प्रधानहरूका खेलले जफ्दी गरी लुटी ल्याई बंगालीहरूलाई समेत भगाया । सबैकन होम गरी नबाहा बड्यो भनी नाम चलाई आफ्आफैं देवता भई मछीन्द्रनाथका पाउको छत्रसमेत लुटी ल्याई आफूले ल्याई सजीव बोल्न्या देवता भनाई सबै देवताको पूजा आफैले ली बडो भोज गरी बस्थ्या । यस्ता बेलामा अब ता अनर्थ भो भनी राजा राज्यप्रकाश मल्लले रोई बाहिर आउंदा कोही एक खालाच भन्याका ज्यापुले राजाकन बुझाई

आफू यिनीहरूका पास गै नबोली सिंबुका पीकडो भनी यिनीहरूका देवालय हेरी लुच्चा ठहराई राजासित विनती गर्न आया र राजा राज्यप्रकाश मल्लले पूजा गर्छु भन्या छल गरी दर्वारमा बोलाई चौकी राखी बाटामा लगी दर्वारभित्र पुग्नेबित्तिकै यी सबैकन बांधी देवता भैरहेका बांडाहरू सबै यमलोक पठाइदिया । यी राजा राज्य प्रकाश मल्ल शान्त भयापछि प्रधानहरूले भक्तपुरका राजा रणजित् मल्लकन राज्य गरिराखेका वर्ष १। रणजित् मल्लकन राजा गरिराख्दा कान्तिपुरका राजा जयप्रकाशले हाम्रा भाइ राज्यप्रकाश मल्लका राज्यमा अरू राजा गऱ्याको क्या कारण हो ? यो मलाई आयाको राज्य हो भनी ठूलो धम्की दिपठाया ।

केही दिनपछि रणजित् मल्ल शंखमूलमा श्राद्ध गर्न जांदा त्यहांबाट धपाई जयप्रकाशकन राजा गऱ्या । वर्ष १।२ मैह्ना ।

यी राजाले हुकुम चलायाको देखी डर मानी प्रधानहरूले टेकु दोभानमा जांदाहुंदि त्यहींबाट धपाई दीया । प्रधानहरूले विष्णु मल्लका छोरी नातापट्टिका विश्वजित् मल्ललाई राजा तुल्याई राख्या वर्ष ४। यी विश्वजित् मल्ल राजाले धालछेका कालिदास प्रधानकी छोरी स्वास्नी तुल्याया भनी प्रधानहरू हूल उठी आउंदा राजा भागी तुलजाभित्र लुकिराख्याका बखतमा बह्नी (?) का लक्ष्मीनाथ उपाध्यायले छल गरी गाबाहालका ब्राह्मणहरू पनि हूलमा आया देउतलेमा पाउ लाग्नु हवस् भनी फुल्याई बाहिर ल्याई देउतले जाने बाटोमा कालिदास प्रधानका छोरा देवीदास प्रधान दबाई राख्याको रह्या छ र यी प्रधानहरूले त्यहीं देउतले जाने बाटोका भऱ्याङ मनि राजा विश्वजित् मल्लकन मारिदिया ।

फेरि प्रधानहरू नुआकोट गै पृथ्वीनारायण शाहसित दलमर्दन शाह मागी ल्याई राजा तुल्याया । यी दलमर्दन शाहले ४ वर्ष राज्य चलायापछि यी राजा गोर्खाका हुनाले प्रधानहरूले नगनी चलन गऱ्या र दलमर्दन शाहसित झगडा भै यी प्रधानहरूले गोर्खाका राजाले हामीलाई भलो गर्न्या छैन भन्ने विचार गरी दलमर्दन शाहलाई पनि धपाइदिया ।

त्यसपछि अर्कै कोही १ ठकुरी तेजनरसिंह मल्लकन राजा तुल्याया । यी राजाको भोग वर्ष ३।११ मैह्ना । यी राजाका पालामा गोर्खाका पृथ्वीनारायण शाह नेपाल प्रवेश भै प्रधानकन हुल्याहा हुन् भनी सबैकन बांधी मारी निस्कंटक राज्य गर्दा भया । तेजनरसिंह मल्ल भागी भक्तपुरमा गया । प्रधानहरू बांधी सिपाहीहरूले घेरा गरिराख्याका बेलामा एक बाहालका काजी खड्गधर प्रधान १ सबैका सामुन्ने कम्पनीका घेरा नाघी कुदी टेकु दोभानतिर दगुऱ्या । कसैले फेला पार्न सक्यानन् । बांकी प्रधान सबै यमराजका शहर देखाउन पठाया । यिनीहरूका मैजू पनि राजा बक्साई सती गया ।

यो ललितपुर (पाटन) का परापूर्व राजाको महिमा शुभम् ।

(क्रमशः)

चार्वाकदर्शन

बुद्धिसागर पराजुली

प्राक्कथन

दर्शनहरू साधारणतया प्रथमतः २ भागमा विभक्त हुन्छन् । नास्तिक दर्शन र आस्तिक दर्शन । वेद र वेदानुसारी सिद्धान्तानुरूप जगत् छैन भन्ने स्थिर सिद्धान्त हुनेहरू नास्तिक र उनको दर्शन नास्तिक दर्शन भनिन्छ । वेदोक्त लोकमर्यादा ठीक छ भन्नेहरू आस्तिक र उनको दर्शन आस्तिक दर्शन भनिन्छ । वेदवाह्य सिद्धान्त खडा गर्ने चार्वाक आदि छ दर्शन छन् । वेदप्रमाणक दर्शन वैशेषिक न्याय आदि ८ छन् । वेदवाह्य सिद्धान्त प्रतिपादन गर्ने दर्शन नास्तिक दर्शन र वेदप्रमाणक सिद्धान्त प्रतिपादन गर्ने दर्शन आस्तिक दर्शन मानिन्छन् । नास्तिक दर्शनको नामावली यो हो–१ चार्वाक, २ माध्यमिक, ३ योगाचार, ४ सौत्रान्तिक ५, वैभाषिक, ६ आर्हत, (जैन) । यिनीहरू सबैबाट वेदविरुद्ध सिद्धान्त खडा हुन्छ । हुनत यिनीहरूका सिद्धान्तको पनि परस्परमा विरोध छ, तथापि वेदवाह्यत्व रूपमा सबैको समानता नै छ । आस्तिक दर्शनको नामावली यो हो–न्यायदर्शन–१, वैशेषिकदर्शन २, सांख्यदर्शन– ३, योगदर्शन– ४, धर्ममीमांसादर्शन– ५, कर्ममीमांसादर्शन–६, दैवीमीमांसादर्शन–७, ब्रह्ममीमांसा दर्शन–८।

दर्शनशब्द दर्शनार्थक दृश् धातु (दृशिर्–प्रेक्षणे) बाट व्याकरणशास्त्रोक्त नियमानुसार सिद्ध गरिन्छ, तसर्थ यसको अर्थ साक्षात्कार, साक्षात्कारको साधन र साक्षात्क्रियमाण तत्त्वको आधार आदि विभिन्न छन् । जस्तै–दर्शन भो,–भेटभो, यहां केवल साक्षात्कार अर्थ छ । आंखालाई दर्शन भन्छन् । 'दृश्यते साक्षात् क्रियते येन, यस व्युत्पत्तिबाट आंखा साक्षात्कारको साधन हो । दर्शन शास्त्र तत्त्व-साक्षात्कारको साधन हो । 'दृश्यते अस्मिन् वस्तु तत्वं' भनी अधिकरण अर्थमा दर्शन शब्दको सिद्धि गरेका पक्षमा आफआफ्ना मतको वस्तुतत्त्व आफआफ्ना शास्त्रमा छर्लङ्ग हुने हुंदा त्यस्ता शास्त्रलाई पनि दर्शन मानिन्छ ।

चार्वाकदर्शन परिचय

चार्वाकदर्शनलाई वेदवाह्य भन्नाको मतलब वेदको निष्कृष्ट सिद्धान्तसंग यसको समन्वय नभएर मात्र हो । चार्वाकका दर्शनको मूल रूप वेदमा नभएर होइन किनभने शतपथ ब्राह्मणमा आङ्गिरस बार्हस्पत्यका नाउँले नास्तिक (लोकायत–चार्वाक) मतको चर्चा छ । बृहदारण्यकमा पनि भूत चैतन्यवादको चर्चा छ । सोमयागका प्रकरणमा परलोक छ भन्ने कुरो कसले जानेको छ ? भन्ने शङ्कापूर्ण वाक्य पनि आएको छ । उसैले वेदमा पनि यस लोकायत मतको मूल छ । अतः लोकायत आदि दर्शनको मूल पनि वेदै हो । आस्तिक नास्तिक सबै दर्शन वेदकै देन हुन् । नास्तिक दर्शनहरू मध्ये चर्वाकको मत सर्वप्रथम हो । अतः चर्वाकलाई नास्तिकशिरोमणि पनि भन्छन् । यो मत पहिले वेदमा बृहस्पतिका नाउँबाट प्रकट भएको हो, यसैले यसलाई बृहस्पतिमत भन्ने चलन छ । पुराणमा दैत्यहरूलाई ठग्न बृहस्पतिले शुक्राचार्यको रूप लिएर यो मत प्रचार गरे भन्ने कथा आउँछ । उपनिषद्मा पनि प्रजापतिले आफ्ना कुलपतित्वमा आएका शिष्यहरू मध्ये असुरहरूलाई यही मत पढाई, यसैमा दीक्षित गराई पठाए भन्ने कथा छ । यो मत लोकायत भन्ने नामान्तरबाट पनि बोलिन्छ । यसैले नास्तिकशिरोमणिले लौकायतिक भन्ने अर्को नाउँ पनि पाउनुभएको छ ।

चार्वाकहरूको मत

चार्वाकहरू चार तत्व मान्दछन् । पृथ्वी, जल, तेज, एवं वायु । यिनै चार तत्वका विशिष्ट संयोगबाट

चेतना शक्ति उत्पन्न हुन्छ । दाउरा र अग्निको संयोगबाट असमानजातीय धूवाँ, अनेक वस्तुका संयोगबाट मदिरामा विजातीय मदशक्ति उत्पन्न भए झैं असमान जातीय तत्वहरूका संयोगबाट असमान जातीय चेतनाशक्ति निष्पन्न हुन्छ । यसै कारण चेतनाशक्तिसंपन्न शरीर नै आत्मा हो । शरीरबाहेक अरू कुनै कुरा चेतनावान् हो भन्नालाई केही प्रमाण छैन । प्रत्यक्षसिवाय अरू प्रमाण यस दर्शनमा छैनन् । तसर्थ देखिने, सुनिने, छोइने, स्वाद लिने वस्तुहरूसम्म प्रामाणिक मानिन्छन् । किनभने आँखाले रूप प्रत्यक्ष देख्छ, कानले शब्द प्रत्यक्ष सुन्छ, नाकले गन्ध प्रत्यक्ष सुँघ्दछ, जिभ्रोले रसको प्रत्यक्ष स्वाद लिन्छ, छालाले छोएर चीसो, तातो, साह्रो, कमलो भन्ने कुरा प्रत्यक्ष जान्दछ । परन्तु शरीर, इन्द्रियबाहेक चेतनाशक्तिसंपन्न अर्को कुनै कुरा छ भन्ने ज्ञान गराउन आँखा, कान, नाक, जिभ्रो, छाला कसैले सक्दैन । अनुमानद्वारा चेतनाशक्तिमान् शरीर इन्द्रियबाहेक अर्को केही छ भन्ने कुरा अनुमान नै अप्रमाण हुँदा असंभव छ । अनुमान अप्रमाण कसरी हुन्छ भने–अनु=लिङ्ग-दर्शन भएपछि, लिङ्गीको जो मान=ज्ञान हुन्छ त्यसलाई अनुमान भन्दछन् । लिङ्ग, हेतु, साधन भन्ने एकै कुरा हो । लिङ्गी साध्य भन्ने पनि प्रायः एकै कुरा हो । अर्थात् स्वाभाविक औ नियत सम्बन्ध भएका दुइ वस्तुमध्ये व्याप्य वस्तु देखेर व्यापक वस्तुलाई नदेखीकन पनि मान्नुलाई अनुमान भन्छन् । आगो र धूवाँको संयोग नियत र स्वाभाविक हो, तिनमध्ये व्याप्य धूवाँ कुनै कोठामा देखिनेबित्तिकै आगो नदेखे पनि छ भनेर जान्नु अनुमिति ज्ञान हो । तर यो अनुमिति ज्ञान ठीक छैन, जहाँ धूवाँ हुन्छ त्यहाँ आगो हुन्छ भनेर भान्सामा धूवाँ देखनासाथ निर्णय भइसकेको भए, पछि गोठमा धूवाँ देखी अनुमान गर्नु सिद्धसाधन हुन आउँछ । सामान्य तौरबाट ज्ञान उस मौकामा हुँदैन किन्तु विशेष तौरबाट हुन्छ भन्ने हो भन्ने कुन धूवाँ देखेर अग्निको अनुमान हुन्छ, कुन धूवाँ देखेर हुँदैन भन्ने कुराको अनुगम (व्यवस्था) हुन सक्तैन अतएव भन्छन् –

विशेषेऽनुगमाभावः सामान्ये सिद्धसाध्यता ।
अनुमाभङ्गपङ्केऽस्मिन् निमग्ना वादिदन्तिनः ।।

यसैउसले सामान्य र विशेष कुनै प्रकारसँग पनि अनुमान असंभव भएबाट सो प्रमाण हुन नसक्दा यसको भरबाट कुनै कुराको पनि निर्णय हुँदैन । अनुमान नमाने लोकव्यवहार कसरी चल्ने ? यो पनि कुनै महत्वपूर्ण प्रश्न होइन, किनभने संभावनाबाट पनि लोकव्यवहारहरू चल्न सक्छन् । धूवाँ र आगाको कार्यकारण भाव हुनाले व्याप्ति भन्नालाई साहचर्य नियम छ भन्ने कुरामा पनि चार्वाकहरू कार्यकारण भाव मान्दैमान्दैनन् किनभने संसारका सब कुरा स्वाभाविक चल्छन् भन्छन् । स्वभावतः प्राणी दुःखी हुन्छ र स्वभावतः सुखी पनि हुन्छ । स्वभावतः बकुल्ला सेता हुन्छन्, शुगा हरिया र मुजूर चित्रविचित्रका । अतएव भन्छन्:—

अग्निरुष्णो जलं शीतं शीतस्पर्शस्तथानिलः ।
केनेदं चित्रितं सर्वं स्वभावात् तद्व्यवस्थितिः ।।

अनुमानसंम प्रमाण हुन्न भन्ने चार्वाकहरू शब्दप्रमाण हुन्छ भन्न कसै पनि तत्पर हुँदैनन् । शब्द आप्तवाक्य हो । आप्तवाक्य प्रमाण मान्नु पनि एकतरहको अनुमानै हो । किनभने कुनै अनुमानबाट कुनै पुरुषलाई आप्त ठहराई त्यसको वाक्य प्रमाण मान्नुपर्छ, तर अनुमानै ठीक प्रमाण हुन नसकेकाले त्यसको सहाराबाट आप्तत्वसिद्धि पनि हुन सक्दैन । तसर्थ शब्द पनि प्रमाण हुन सक्दैन । उसैले वेद, पुराण, धर्मशास्त्र केही पनि प्रमाणिक छैनन् । बरु यिनमा विचार गर्दा कति निरर्थक शब्द छन्, कति धूर्तवाद छन्, कति भाण्डवाद, कति राक्षसवाद । अतएव—

त्रयो वेदस्य कर्तारो धूर्तभाण्डनिशाचराः
जर्भरी तुर्फरीत्यादि पण्डितानां वचः स्मृतम्
इत्यादि भन्छन् ।

उसैले यस चर्वाकमतमा नत अनुमानगम्य आत्मा छ नत शब्दप्रमाणगम्य स्वर्ग अपवर्ग छ । ऐहिक विषय-सुख नै परम पुरुषार्थ हो । ऐहिक सुखमा दुःख पनि मिलेको छ । हुनत, जस्तै किसानले पराल छाडी चाहिएको धान मात्र थन्क्याउँछ, जस्तै माछा खाने मान्छेले कांडा छुट्याई माछा मात्र खान्छ, त्यस्तै दुःखका डरले सुखसमेत छाड्नु हुन्न किन्तु दुःख जति पन्छाई सुख जतिको अनुभव गर्नुपर्छ । जनावरले खान्छ भन्ने डरले किसानले खेती गर्न छाड्नु हुँदैन, पाहुनाका डरले गृहस्थले भात पकाउन छाड्नु हुँदैन । दुःखसमेत आइ-लाग्ने डरले सुखसमेत छाड्ने मान्छे डरपोक हो,

अनभिज्ञ हो, मूर्ख हो, अतएव पारलौकिक स्वर्गादि सुख छैन । धन खर्च गरी यज्ञयाग गर्नु त धूर्तहरूका चङ्गुलमा फस्नु मात्र हो । किनभने अग्निहोत्र गर्नु, वेद, पढनु, दण्डग्रहण गर्नु, संन्यास लिनु, भस्म तिलकहरू लाउनु, इत्यादि काम बुद्धि पुरुषार्थ केही नहुनेको जीविका गर्ने बाटो हो । बुद्धि बर्कत नभएकाहरूले रचेको खाने बाटो मात्र हो । यसमा केही सार छैन । तसर्थ यहाँ यसै लोकमा परिआउने दुःख नरक हो । राजा ईश्वर हो । मर्नु नै मुक्ति हो । यथेष्ट भोगविलास गर्न पाउनु नै स्वर्ग हो । शरीरलाई नै आत्मा मानेमा म राम्रो, म नराम्रो, म मोटो, म दुब्लो, म कालो, म गोरो इत्यादि व्यवहार ठीक चल्छ । मेरो शरीर भन्ने व्यवहार राहुको शिर भने जस्तो हो । यो सबै कुरा मनमा राखेर आचार्य बृहस्पतिले मुक्तकण्ठ भएर भनिदिएका छन् ।

न स्वर्गो नापवर्गो वा नैवात्मा पारलौकिकः ।
नैव वर्णाश्रमादीनां क्रियाश्च फलदायिकाः ।
अग्निहोत्रं त्रयो वेदास्त्रिदण्डं भस्मगुण्ठनम् ।
प्रज्ञापौरुषहीनानां जीविकेति बृहस्पतिः ।
पशुश्चेन्निहतः स्वर्गं ज्योतिष्टोमे गमिष्यति ।
स्वपिता यजमानेन तत्र कस्मान्न हन्यते ।।
मृतानामपि जन्तूनां श्राद्धं चेत्तृप्तिकारणम् ।
गच्छतामिह जन्तूनां व्यर्थं पाथेयकल्पना ।
यदि गच्छेत् परं लोकं देहादेष विनिर्गतः ।
कस्माद् भूयो नचायाति बन्धुस्नेहसमाकुलः ।
ततश्च जीवनपायो ब्राह्मणैर्विहितस्त्विह ।
मृतानां प्रेतकार्याणि न त्वन्यद् विद्यते कचित्।।
इत्यादि

[अर्थात्—न स्वर्ग छ, न पारलौकिक फल भोग गर्ने आत्मा नै छ, नत, वर्णाश्रम धर्मका क्रियाकलापहरू नै फलदायी छन् । अग्निहोत्र, तीन वेद, तीन दण्ड, भस्मधारण, यी सब कुरा बुद्धि, पुरुषार्थ केही नभएका मानिसका निमित्त जीविका चलाउने साधन मात्र हुन् भने बृहस्पतिको अभिप्राय छ । ज्योतिष्टोम यज्ञमा मारिएको पशु स्वर्गमा जाने हो भने सजिलैसित स्वर्गमा पठाउन यजमानले आफ्नै बाबुलाई त्यस यज्ञमा किन नमारेको ?। मरेका जन्तुलाई पनि श्राद्धद्वारा तृप्ति मिल्दछ भने परदेशमा जानालाई खर्चवर्च, सामलतुमलको झमेलो गरेर बोकेर लैजानु फजूल हुनेछ । यस देहबाट निक्लेको जीव परलोकमा जाने हो भने आफ्ना कुलकुटुम्ब बन्धुवर्गहरूको स्नेहले आकुल भएर फेरि यहीं फर्केर किन आउँदैन ? तसर्थ मरेका व्यक्तिका लागि गरिने प्रेतक्रिया आदि कर्महरू बाहुनहरूले जीविका गर्ने यौटा उपाय बनाएको मात्र हो, त्यसभन्दा अर्को यसमा कुनै तत्व छैन ।]

हुनपनि अनजान मानिसहरूको त के कुरा प्रत्यग्दृष्टि मात्र नभएका शिक्षित व्यक्तिहरूसमेत प्रायः ऐहिक दृष्ट सुख दुःखहरू पाउने उपायहरूलाई नै असल संझन्छन् । उसैले नीतिशास्त्र र कामशास्त्रअनुसार अर्थ तथा कामोपभोग मात्र परम पुरुषार्थ भन्ठान्छन् । यसैउसले पारलौकिक कुराको अपलाप गर्न आफ्नो तुच्छ स्वार्थका निम्ति चार्वाकमतको सहायता लिन्छन् । यस्ताहरू संमानित हुन जांदा अबोध जनताको यतैतिर वैरो लाग्छ । अतएव साधारण लोकमा विस्तृत हुन जाने हुनाले यस मतको नाउँ "लोकायत" भन्ने रहेको हो । यसै कारणले चार्वाकहरूका दलबाट—

भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः
तस्मात् सर्वप्रयत्नेन ऋणं कृत्वा घृतं पिबेत् ।।

भन्ने यसप्रकारको उच्छृङ्खल आवाज आउँछ । चार्वाकहरूको यस प्रकारको आचारणले लोकमर्यादालाई अवश्य अस्तव्यस्त पार्छ । कारण यस्ता केवल भौतिकवादका सहारा मानवजीवनका समस्याहरू सुल्झिनेभन्दा झन् उल्झिने मात्र हुन्छन् । उसैले यस सिद्धान्तलाई प्रत्येक दर्शनले निन्दा गरेको छ, यो उचित पनि छ, तर पनि यस चार्वाकदर्शनको देन बडो महत्वपूर्णको छ । यस विषयमा चार्वाकहरूको ऋण चुकाउन कसैले सकेको छैन, कुन कुराको भने यसले वेद, पुराण, आप्तवचनहरूको विचार गर्दा पनि अन्धश्रद्धा पन्छाई मध्यस्थ रही विचार गर्ने मार्ग प्रत्येक नास्तिकदर्शन एवं आस्तिकदर्शन सबैलाई दिएको छ ।

अश्वमेधीय यात्रा

देवीप्रसाद लंसाल

ग्रन्थपरिचय

ज्योतिष शास्त्रलाई मुख्य तीन शाखामा विभक्त गरिएको छ ।

जस्तै–

ज्योतिः शास्त्रमनेकभेदवितत स्कन्धत्रयाधिष्ठितं
तत्कात्स्न्योपनयस्य नाम मुनिभिः संकीर्त्यते संहिता ।
स्कन्धेस्मिन् गणितेन या ग्रहगतिस्तन्त्राभिधानस्त्वसौ
होरान्योङ्गविनिश्चयश्च कथितः स्कन्धस्तृतीयोपरः ।
वराहमिहिरः ।

प्रथम संहितास्कन्धमा ग्रहसञ्चारद्वारा विश्वको शुभाशुभ विचार, बजारमा उपलब्ध हुने वस्तुहरूको मूल्यमा घटीबढी र स्थिरता आदिको विचार, वर्षासंबन्धी विचार, भूकम्प, उल्का, असीना, बज्रपात, धूम्रकेतुको उदय, सूर्य–चन्द्रमामा बस्ने सभा, इन्द्रधनु आदिको विचार पाइन्छ ।

दोस्रो सिद्धान्तस्कन्धमा, पाटीगणित, वीजगणित, रेखागणित, त्रिकोणमिति, गोलीयरेखागणित, चापीय त्रिकोणमिति, प्रतिभाजन, खगोलविज्ञान, शृङ्गोन्नति, पञ्चाङ्गनिर्माणप्रपञ्च, यन्त्रादि विज्ञान पाइन्छन् ।

तृतीय होरास्कन्धमा जन्मपत्रद्वारा यस जन्मको र पूर्वजन्मको फलविचार, संस्कारादि मुहूर्त, यात्रासंबन्धी विचार, भूमीशोधनादि वास्तुविद्या, जलविज्ञान, स्त्रीपुरुष लक्षणादि सामुद्रिक विद्या आदि यस शाखामा पाइन्छ ।

प्रस्तुत विषय पनि वराहमिहिरद्वारा लिखित "अश्वमेधीययात्रा" अश्वमेध यज्ञ गर्न इच्छा गर्ने राजालाई दिग्विजय गर्नाका निमित्त दिइने साइतका संबन्धमा लेखिएको छ । यो पुस्तक उक्त आचार्यले लेखेका छन् भन्ने लेख आजसम्म प्रकाशित भएका ज्योतिष्शास्त्रका इतिहासमा पाइंदैन । यसको एकप्रति पाण्डुलिपि राष्ट्रिय अभिलेखालयमा छ ।

राष्ट्रिय पुस्तकालयमा रहेका हस्तलिखित ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा परिणत भए तापनि सूचीपत्र तयार नभएसम्म उक्त पुस्तकालयमा बनेका सूचीपत्रबाटनै हाल काम चलाइराखिएको छ ।

उक्त पुस्तकालयमा 'अश्वमेधीय यात्रा' भन्ने पुस्तक केवल ६७४४ संख्याको एकमात्र छ । यसको अर्को प्रति उपलब्ध छैन ।

यस पुस्तकालयमा प्रथमाध्यायदेखि मिश्राध्याय-सम्म १- ५५ पत्र र गुह्यकसहायाध्यायदेखि समाप्ति-पर्यत १–३९ पत्र छन् । जम्मा ९४ पत्र छन् । मूल श्लोक विभिन्न छन्दका ५१५, भट्टोत्पलटीका र मूल दुबै गरी ग्रन्थसंख्या ४१४५ छ । यी पत्रहरूको लम्बाइ १० इञ्च, चौंडाइ ४ इञ्च छ । हरिताल नलगाएको नेपालीकागज[1] देवनागरी लिपिमा दुवैपट्टि लेखिएको छ । प्रतिपत्रमा१४ देखि १६ लाइनसम्म छन् । पहिलो र छैटौं पत्रको बीचमा खालिनै छ । ३९ सौं पत्रमा चार लाइन मात्र लेखेको छ । ४५सौं पत्रमा एकापट्टि १२ लाइन अर्कोपट्टि छ लाइन लेखेको छ । ५५ नौं पत्रमा तीन लाइन र आधामात्रलेखेको छ । पछिल्लो ३८ सौं पत्रमा एकापट्टि आधा लाइन मात्र लेखको छ । ३९सौं पत्रमा एकापट्टि एकलाइन मात्र लेखेको छ । यसको

1–यो कागत हाल चल्तीमा आइरहेको नेपाली कागत हुन । पहिले मोरङमा बन्ने कागत हो । यो कागत वर्तमानकालमा चलनचल्तीमा ल्याइने नेपाली कागत र भारती कागजभन्दा भिन्न छ ।

अन्त्यमा यस्तो लेखेको छ ।

अतीवजीर्णात् त्रिशताब्दतीर्णात् पत्राग्रपृष्ठाक्षरभा-
विशीर्णात् ।
पाश्चात्यमोढाक्षरतोवकीर्णात्सपादित कष्टत
इत्थमेव ।।

अत्यन्त जीर्णशीर्ण (धूलोप्रायः) भएको ३०० वर्ष पुरानो अक्षर सबै उडिसकेको त्यसमा पनि विदेशी (.....) मोढाक्षरमा लेखिएको सबै थोत्रा पत्रहरू मिलाएर कष्ट-साथ संपादन गरें भनेर लेखेको छ। यो पुस्तकको लिपि र कागतको विचार गर्दा लगभग २००–२५० वर्ष पुरानो देखिन्छ । उक्त श्लोकका बारेमा विचार गर्दा त्यो श्लोक यस पुस्तकका प्रतिलिपिकारको नभै जुन पुस्तकबाट यो पुस्तक सारियो त्यसका प्रतिलिपिकारको हुनुपर्दछ । जेसुकै भए तापनि उक्त मोढाक्षरको समय ६००–६५० वर्षभन्दा यताको हैन ।

उक्त पुस्तकमा सार्वभौम राजाले दिग्वजय गरेर सम्पत्ति जमा पारेपछि अश्वमेध यज्ञ गर्नू भन्ने जुन वैदिक पराम्परा छ, तदनुसार विजययात्राका निमित्त दिन साइत र यात्रा गर्ने राजाले पालन गर्नुपर्ने नियमहरूको विशद व्याख्या गरेको छ । यसमा राजा, मन्त्री दैवज्ञ, पुरोहितले राजाका प्रति के के जिमेवारी वहन गर्नुपर्दछ भन्ने पनि दर्शाएको छ ।

राजा, मन्त्री, दैवज्ञ र पुहिरोतको कर्तव्य

[1] पुत्रवत् प्रजाको पालन गर्नु राजाको धर्म हो, त्यस्तै राजा र प्रजाको हित हुने कार्य ज्योतिषी र पुरोहितले गर्नुपर्दछ ।

[2] आफ्नो मन्त्रीको राजकाजसंबन्धी व्यवस्थाको, ढुकुटीको, साँधकिल्लाको, ऐनकानूनको, उल्लङ्घन गर्ने राष्ट्रमा भएका विरोधी तत्वहरूलाई एक एक गरी केलाएर दैवज्ञ, पुरोहित र मन्त्रीहरूसँग सल्लाह ली राजाले स्वविवेकद्वारा उचित्त दण्ड दिनुपर्दछ ।

[3] ज्योतिषीले राजा, मन्त्री, आफ्नो र पुरोहितको शुभाशुभ विचार गर्नुपर्दछ, पुरोहितले दैवज्ञको कथनानुसार अनुष्ठानादि गर्नुपर्दछ, मन्त्रीले कोश, सेनाको बलाबल र राज्यको सुरक्षा आदिको विचार गनुपर्दछ, राजाले उपर्युक्त तीनथरिको सल्लाह ली स्वविवेकले आँटेको काम आरम्भ गर्नुपर्दछ ।

[4] साम, दान, दण्ड, र भेदको प्रयोगकाल

ज्योतिषशास्त्रको अध्ययन नगरेकाले साम, दान, दण्ड, भेदको प्रयोगकाल जान्दैनन्, अतः मन्त्रीले ज्योतिष्-शास्त्र पढ्नैपर्दछ, अथवा ज्योतिष्शास्त्र पढेकालाई मन्त्री बनाउनुपर्दछ भन्ने कुरो यसबाट देखिन्छ । सर्वप्रथम राजाको जन्मपत्र हेर्दा जन्मसमयमा कुन कुन ग्रह बलिया छन्, यात्राकालमा कसको दशा अन्तर्दशा पर्दछ, गोचरबाट कुन कुन ग्रह बलिया देखिन्छन्, यो सबै विचार गरि-सकेपछि मात्र फलादेश गर्नु उचित हुन्छ ।

जस्तै–बृहस्पति र शुक्र सबभन्दा बलवान् छन् भने, बृहस्पति र शुक्रवारका दिन; वृष, तुला, धन, मीन लग्न पारेर अथवा तिनका नवमांश पारेर यात्रा गऱ्यो भने त्यस यात्रामा शत्रुसंग सन्धि गर्नुनै कल्याणकारक हुन्छ । यदि सूर्य, मङ्गल बलिया भए त्यस यात्रामा शत्रुलाई पिटपाट पारिन्छ, अतः दण्डनीतिको अवलम्बन गर्नुनै उचित हुन्छ । सबै ग्रहभन्दा चन्द्रमा बलवान् भए दाननीतिको प्रयोग सफल हुन्छ, केही दिएपछि शत्रु

---

1 राज्ञः प्रजापालनं धर्मस्तथा सांवत्सरपुरोहितयोरपि । पृ. १

2 स्वाम्यामात्यजनपदकोशदुर्गदण्डानां ये परिपन्थिनस्तेषां राज्ञा साम, भेद, दान, दण्डादिना पुरुषकारेण च निग्रहो दैवविदपुरोहितमन्त्र्यनुमत्या कर्तव्यः । पृ. १

3 दैवज्ञपुरोहितयोर्मन्त्रिपार्थिवयोश्च दैवज्ञेन दैवं ज्ञेयं, पुरोधसा तदनुष्ठानं कर्तव्यं, मन्त्रिणा पौरुषं ज्ञेयं, राज्ञा तदनुष्ठान कर्तव्यम् । पृ. १

4 साम्नो जीवः समृगुतनयो दण्डनाथौ कुजार्कौ
दानस्येन्दुः शिखियमबुधाः सासुरा भेदनाथाः ।
वीर्योपेतैरुपचयकरैर्लग्नगैः केन्द्रगैर्वा
तत्तत्सिद्धिं व्रजति तदहः स्वांशके वापि तेषाम् ।। पृ. १

वशमा आउँछ । यदि बुध, शनि, राहु, केतु बलिया छन् भने भेदनीतिको अवलम्बन गर्नुपर्दछ, आफ्नो मित्र एवं शत्रुको शत्रुलाई परस्परमा लडाएर शक्ति क्षीण भएपछि आफूले आक्रमण गर्नुपर्दछ । यसरी विचारपूर्वक गरिएको यात्रा कहिल्यै असफल हुँदैन ।

वैदिकहिंसा हिंसा हैन

[1] हिंसा गर्नाले पाप लाग्दछ भन्ने कथन निर्विवाद सिद्ध छ । तर हिंसा धेरै प्रकारका हुन्छन्, जस्तै – अकारण पशुपक्षीको वध गर्नु, स्वार्थसिद्धिका निमित्त अर्कालाई सताउनु, बलियाले कमजोरलाई थिचोमिचो गर्नु, अकारण लडाई झगडा गर्नु इत्यादि । यज्ञयागादि गर्दा पनि हिंसा हुन्छ । हिंसालाई दुई भागमा बाड्नुपर्‍यो, एक वैदिक हिंसा आर्को इतर हिंसा । वे[2]दविहित हिंसालाई शास्त्रकारले हिंसा मानेको छैन । अतः आचार्य लेख्नुहुन्छ, पृथ्वीभरका राजारजौटालाई जितेर म अश्वमेध यज्ञ गर्दछु भन्ने प्रतिज्ञा गरेर विजययात्रा गर्दछ र उक्त यात्रामा पर्न आएका कठिनाइलाई पन्छाउंदा जे जति प्राणिवध हुन्छ त्यसबाट लाग्ने हिंसाजन्य पाप विजयी राजालाई लाग्दैन । जस्तै – वैदिक यज्ञयागादिमा पशुबलि दिंदा पाप लाग्दैन, त्यस्तै यज्ञका बाधकहरूको वध गर्दा पाप लाग्दैन ।

[3] वेद आज्ञा दिन्छ- सार्वभौम राजाले अश्वमेध यज्ञ गरोस् । शास्त्रको निर्देश यो पनि छ–यो यज्ञ अल्पव्ययसाध्य छैन ।

[4] अतः सम्पत्तिका निमित्त राजाले सर्वप्रथम दिग्विजययात्रा गर्नुपर्दछ । अतः शास्त्रीय मर्यादालाई भङ्ग नगरी शास्त्रको मर्यादा पालन गर्दागर्दै हुनगएको हिंसालाई हिंसा भन्न हुंदैन, अतः यज्ञका निमित्त र युद्ध गर्दा हुन गएको हिंसाबाट उत्पन्न भएको पाप राजाले भोग्नुपर्दैन, त्यस प्रकारको विजययात्राका निमित्त साइत दिने दैवज्ञ पनि पापको भागी हुंदैन ।

[5] राजज्योतिषीको लक्षण

राजज्योतिषी कस्तो हुनुपर्दछ भने भड्किला लुगा नलाउने, विशेष शृङ्गारको शोख नभएको, कुनै प्रकारको अम्बलमा आशक्त नभएको, बुद्धिमान्, परिमित बोल्ने, ज्योतिष्शास्त्रका तीनै शाखामा पटु, विशिष्ट कुलमा जन्मिएको, प्रत्युत्पन्नमति, आफ्नो कर्तव्यपालनमा सुस्ती नगर्ने, समयको मूल्य संझिने, कुनै प्रकारको खुनखोट नभएको, यस्तो मुख्य ज्योतिषी र योग्य योग्य सहायक ज्योतिषी राख्नुपर्दछ । ज्योतिषीमा भएका लक्षण र गुणले युक्त, वेदवेदाङ्गका पूर्णज्ञाता र नैष्ठिक पुरोहित हुनुपर्दछ ।

[6] प्रश्नकर्ताको नियम

राजाले विजययात्रा गर्ने निश्चय भएपछि प्रातःकालमा पूर्वोक्त ज्योतिषीहरूको सभा बोलाएर सर्वप्रथम भगवान् सूर्यलाई प्रणाम गरी हातमा फलफूल लिई पूर्वाभिमुख

---

1 यक्ष्येश्वमेधेन विजित्य धात्रीमीत्येबमभ्युदयमितो नृपस्य । विनिघ्नतो विघ्नकरान् न पापं क्रिया क्रमेणैव पशून् मखेषु ।। पृ. २

2 यज्ञार्थं पशवः सृष्टाः स्वयमेव स्वयंभुवा ।
यज्ञस्य भूत्यै सर्वस्य तस्माद्यज्ञेवधोवधः ।। मनुस्मृति अ. ५ श्लो. ३९

3 सार्वभौमो यजेत इति श्रुतिः । पृ. २

4 अश्वमेधाख्ययागस्य संपत्यर्थं राज्ञा पृथ्वीविजयः कर्तव्यः । पृ. २

5 सांवत्सरस्तस्य विनीतवेषो धीमाँश्च तन्त्राङ्गपटुः कुलीनः ।
दक्षः प्रगल्भो विकलो विनीतस्तादृग्विधस्तस्य पुरोहितोपि ।। पृ. ५

6 तस्मान् नृपः कुसुमरत्नफलाग्रहस्तः प्रातः प्रणम्य रवये हरिदिङ्मुखस्थः । होराङ्गशास्त्रकुशलान् हितकारिणश्च संहृत्य दैवगणकान् सकृदेव पृच्छेत् ।। पृ. १५,।।
अथ नृपतिसमीपे दैवदित्पृष्टमात्रः
फलमुदयनिमित्तैस्तर्कयेच्छात्रदृष्ट्या ।
सदसि सदिति वाच्यं यद्यपि स्यादसत्तत्
स्फुटमपि कथनीयं भूभुजे मन्त्रिणे वा ।। पृ. १८,

भएर आफ्ना इष्टदेव तथा गुरु ब्राह्मणलाई प्रणाम गरी शुद्ध मनले आफ्नो र राष्ट्रको हित चिताउने मुख्य दैवज्ञलाई संबोधन गर्दै एक प्रश्न मात्र गर्नू । धेरै प्रश्न गरेमा मुख्य प्रश्न कुनलाई मान्ने भन्ने संदेह हुनजान्छ, किनकि प्रत्येक प्रश्नको फल बेग्लाबेग्लै हुन्छ । कुन प्रश्नलाई प्रधानता दिएर फलादेश गर्ने भन्ने दुबिधा हुने हुनाले प्रश्नकर्ताले एक पटक मात्र प्रश्न गर्नू । त्यसको उत्तर एकै प्रकारको हुन्छ ।

प्रश्नको उत्तर कसलाई सुनाउने ?

प्रश्नकर्ताको प्रश्न सुनिसकेपछि दैवज्ञले त्यसै सभामा बसेर वा अन्यत्र बसेर तात्कालिक प्रश्नलग्नबाट, प्रश्नकर्ताको जन्मपत्रबाट र अन्यान्य निमित्तबाट, अङ्गस्फुरण र श्वास-प्रश्वासबाट शुभाशुभ विचार गर्नू । जन्मपत्र हेर्दा वर्तमान समयमा महादशा अन्तर्दशा कसको पर्दछ । उच्चग्रह, स्वगृही ग्रह, केन्द्रवर्ती ग्रहका दशालाई आरोहिणी दशा भन्दछन्, त्यस्ता महादशा अन्तर्दशा भएका वेलामा पूर्ण-फल पाइन्छ, यस समयमा विजययात्रा गर्न हुन्छ । बलहीन ग्रह, नीचगृही ग्रह, शत्रुगृही ग्रहका दशालाई रिक्तदशा भन्दछन्, यस प्रकारको दशा अन्तर्दशामा विजययात्रा गर्न हुंदैन, यदि गरेमा यात्रा असफल हुन्छ । यात्राको साइत हेर्नुभन्दा पहिले यात्राकर्ताको आयु ज्ञान गर्नु अत्यावश्यक छ । यदि यात्राकालभित्रै मृत्यु, अपमृत्यु योग परेको रहेछ भने जतिसुकै राम्रो साइत भए पनि त्यो साइतले के गर्ने ? । यो सबै हेरेर जुन शास्त्रसम्मत देखिन्छ त्यसैलाई यथार्थ फल मानेर फलादेश गर्नू । यदि शास्त्रीय विचारबाट खराब देखिए पनि सभामा राम्रो छ, यात्रा शुभसूचक छ भन्नू । यथार्थ बताउंदा सभामा अन्यान्य राष्ट्रका गुप्तचर आएका हुन्छन् र गुप्त कुरा फैलिने डर हुन्छ । दैवज्ञले आफ्नो विचारबाट यात्रा गर्न हुने देखेमा, एकान्तमा राजालाई यथार्थ कुरा सुनाउनू । यात्रा गर्न नहुने ठहराएमा मन्त्रीलाई एकान्तमा यथार्थ कुरो बताउनू । मन्त्रीलाई बताएमा राजाको यात्रालाई रोक्दछन्, जसबाट उत्साहभङ्ग हुन पाउंदैन ।

[1] दिक्शूलमा यात्रा गरे के हुन्छ ?

यात्रामा वार, नक्षत्र, शूलको विचार अवश्य गर्नुपर्दछ । सानोतिनो यात्रामा र अत्यावश्यक काम परेमा, यो वार वा यो नक्षत्रमा यस दिशामा यात्रा गर्दा यो चीज खानू वा स्पर्श गर्नू भन्ने दोहद पनि आचार्यहरूले लेखेका छन् । नक्षत्रशूलका बारेमा आचार्यले यस्तो लेखेको छ । ज्येष्ठा नक्षत्रमा दानवराज बलिले पूर्वदिशातिर यात्रा गरेका हुनाले भगवान् वामनका बन्धनमा पर्नुपऱ्यो । पूर्वाभाद्र नक्षत्रमा मुरनाम दैत्यले दक्षिणदिशातिर यात्रा गरेकाले भगवान् मुरारिद्वारा मृत्यु प्राप्त गऱ्यो । रोहिणी नक्षत्रमा नमुचि दैत्यले पश्चिम दिशाको यात्रा गरेकाले इन्द्रले धूलोपीठो पारे । उत्तराफाल्गुनी नक्षत्रमा शंवरासुरले उत्तरदिशाको यात्रा गरेका हुनाले कामदेव (प्रद्युम्न) का हातबाट मर्नुपऱ्यो । अतः यात्रामा अरू शूलभन्दा पनि नक्षत्रशूलको विचार आवश्यक मानिएको छ ।

[2] व्यतीपातले के गर्दछ ?

व्यतीपात योग दुइप्रकारका हुन्छन्, एक लाट अर्को वैधृत । आगामी व्यतीपातमा अर्थात् भोलिपल्ट व्यतीपात छ भने कुनै पनि शुभ काम वा धेरै समय लाएर पूरा गरिने काम आरम्भ गर्न हुंदैन, यदि गरेमा नोक्सान मात्र हुन्छ । व्यतीपात भएकै समयमा कुनै कार्य शुरू गरेको छ भने मृत्यु हुन्छ । व्यतीपात भएको भोलिपल्ट आरम्भ गरिएको छ भने त्यसबाट शोक, सन्ताप र रोग आदि कष्ट दिन्छ । अतः बुद्धिमान्ले व्यतीपात योग परेको दिन र त्यसका अघि र पछिका एक एक दिन जम्मा तीन दिनसम्म विशेष गरेर व्रतबन्ध, विवाह, यात्रा, गृहारम्भ, गृहप्रवेश नगर्नू ।

---

1 ज्येष्ठायां पुरुहूतदिङ्मुखगतः प्राप्तो बलिर्बन्धनं
याम्यामाजपदे मुरश्च गतवान् यातो मुरारेर्वशम् ।
रोहिण्यां नमुचिः प्रतीच्यभिसृतः चूर्णीकृतो वज्रिणा
सौम्यामर्यमदैवते च गतवान् मृत्योर्वशं शंबरः ॥ पृ. ३६

2 एष्यो धनं क्षपयति व्यतिपातयोगे
मृत्युं ददाति न चिरादपवर्तमानः ।
संतापशोकगदविघ्नभयान्यतीत
स्तस्माद्दिनत्रयमपि प्रजहीत विद्वान् । पृ. ११५

[1] व्यतीपातको उत्पत्ति

व्यतीपात योगको उत्पत्तिका संबन्धमा आचार्यले यस्तो लेखेका छन् । व्यतीपात योग पर्ने दिन सूर्य र चन्द्रमा आमुनेसामुने बसेर परस्परमा रिसले चूरचूर भएर रातारातो आँखाले एकले अर्कोलाई हेर्दछन् । ती दुईको क्रोधपूर्ण दृष्टिसंयोगबाट क्रोधाग्नि उत्पन्न हुन्छ । त्यसै आगोबाट निम्न लिखित व्यतीपातको स्वरूप खडा हुन्छ ।

[2] व्यतीपातको स्वरूप

व्यतीपातको स्वरूपका बारेमा आचार्यले यस प्रकार लेखेका छन् । जस्तै– देख्दैमा डरलाग्दो भयानक शरीर, अत्यन्त अग्लो, कालोकलौटो, कीला जस्ता सुलुक्क परेका कान भएको, मुख बाइरहने ठूलो नाक भएको, आँखै छोप्ने लामा लामा आखिभौं भएको, डेरा आँखा, कैला कला कपाल भै देख्दैमा अमङ्गल स्वरूपको छ ।

यसै कारणले व्यतीपात योग परेका दिन कुनै पनि विस्तारपूर्वक गरिने काम आरम्भ नगर्नू भनेको हो । यस बारेमा विभिन्न आचार्यहरूले आफ्नो आफ्नो मत-भिन्नता देखाएका छन् । उक्त योगको दोषका बारेमा कसैका मतमा तीन दिन र कसैका मतमा सात दिन देखाएका छन् ।

[3] आचार्यका मतमा व्यतीपातको दोष

अन्य आचार्यहरूले व्यतीपातको दोष तीन दिन वा सात दिन मानेका छन् । यस ग्रन्थका लेखकले लेखेका छन्– नक्षत्र दूषित भयो भने राशी दूषित हुन्छ, त्यस्तै राशीका दोषबाट नक्षत्र दूषित हुन्छ । यस हिसाबले त परस्परसमाश्रय दोषबाट त नवै नक्षत्र दूषित हुने भए । अश्विनीदेखि अश्लेषासम्मका नक्षत्रहरू राशी सम्बन्धबाट जेलिएका छन् । जस्तै– मेष राशीका दोषबाट कृत्तिका दोषी हुन्छ, कृत्तिकाका दोषले वृषराशी दूषित हुन्छ, वृषराशीका दोषले मृगशिरा दूषित हुन्छ, मृगशिराका दोषले मिथुन राशी दूषित हुन्छ । पुनर्वसुबाट कर्कटराशी दूषित हुन्छ । यसप्रकार परस्परका दोषसंबन्धबाट नवै नक्षत्र र चारै राशी दूषित हुन्छन् । त्यसो हुनाले न त तीन दिन न सातै दिन मान्न सकिन्छ । जस्तै–शिकारीले विषमय बाणद्वारा मारेको मृगको मासु, बाणले घाउ पारे जति फ्याँकेर अरू शुद्ध मानेर खान्छ; त्यस्तै जति समय-सम्म उक्त महाव्यतीपात रहन्छ त्यस समयसम्म मात्र त्यसको दोष लाग्दछ अरू समय दूषित हुँदैन । व्यतीपात-बाट तिथि, वार, नक्षत्र कुनै पनि दूषित हुँदैनन् ।

[4] यात्रा ऽऽरम्भभन्दा पहिले के गर्ने ?

आफ्नो चित्त शुद्ध भयो भन्ने राजालाई लागेपछि राजज्योतिषीलाई यात्राको दिन स्थिर गर्न लगाउनू । ज्योतिषीले दिन दिएपछि यात्रा गर्ने दिनभन्दा एक सप्ताह-पहिलेका तीन दिनसम्म गुह्यकयाग गर्नू । त्यसपछिका तीन दिनसम्म विजयस्नान गर्नू, सातौं दिनमा ग्रहयज्ञ गर्नू ।

---

1 रविचन्द्रौ किल तदहनि परस्परं निरीक्षेते ।
क्रोधनयनाऽनलभवो दृक्संपर्कात्तयोर्भवति ।। पृ. ११९,

2 रौद्रो दीर्घः कृष्णः शङ्कुश्रवणो विदारितास्यश्च ।
स्थूलनसो लम्बभूः केकरदृष्टि कपिलकेशः ।। ११९ पृ.

3 विषप्रदिग्धेन हतस्य पत्रिणा
मृगस्य मांसं शुभदं क्षतादृते ।
यथा तथैव व्यतिपातदूषितः
क्षणेन पापो न तिथिर्न वासरः ।। पृ. १२३,

4 यात्रा ऽर्वाक् सप्ताहाद्गुह्यकसहाय्यकं त्र्यहं पूर्वम् ।
त्र्यहमथ विजयस्नानं ग्रहयज्ञं सप्तमे दिवसे ।। पृ. १३७

[1]के के लिएर को को कहाँ जाने ?

पकाएको र काचो मासु, दही, नरिवल, जाइफल, सुपारी, पान, पाइने जति सामयिक फल, पाइने जति सामयिक फूल, नानाप्रकारका आसव, शुद्ध धागोलाई बेसारमा रङ्गाएर कुंमकुम, सर्स्यूं, गोबर, दूबो र नवरत्न युक्त रक्षाबन्धन, मूला, पायस, अपुङ्गो, लड्डु, मालपुवा आदि नानाप्रकारका भक्ष्य, सुगन्धित द्रव्य, कपूर, केशर, सर्वौषधिसहित गुग्गुल आदि धूपले युक्त भएर नया सेता वस्त्र र सेतै उपर्ना ओढेर उपवास गरेका ज्योतिषी, मन्त्री, पुरोहित, गुरु, विश्वस्त मानिस, सशस्त्र पदाति (पल्टन) यी सबै परिवार लिएर शहरको मुख्य चौबाटोमा जानू ।

[2] उक्त स्थलमा कुन वेला जाने र के गर्ने ?

तात्कालिक लग्नमा बुध, मङ्गल बसेका अथवा बुध, मङ्गलका नवांशमा वा मेष, मिथुन, कन्या, वृश्चिकमध्ये कुनै लग्नमा, मध्यरातमा, उक्त स्थलमा जानू । पुरोहितले शास्त्रानुसार मण्डपादि बनाएर विधिपूर्वक पूजा गरेपछि पूर्वदिशाबाट आरम्भ गरेर, पूर्व, आग्नेय, दक्षिण, नैर्ऋत्य, पश्चिम, वायव्य, उत्तर, ईशान यी आठै दिशामा बलि दिनू ।

[3] बलि कसकसलाई दिने ?

राजधानीको मूलढोकामा बस्ने देवगणलाई सर्व प्रथम बलि दिने, तीनबाटो जोडिएका ठाउँमा बस्ने देवगणलाई, चौबाटामा बस्ने देवगणलाई, ठूला ठूला राजदरवारका अट्टालीमा बसेका देवगणलाई, शहरका कुनाकाप्चामा बसेका देवगणलाई, बगैंचामा बसेका देवगणलाई अथवा तत्तत्स्थानका अधिष्ठाता देवगणलाई बलि दिने । त्यस्तै- "ठूलाठूला राजमार्गमा बस्ने देवतागण, नदीका तीरमा बस्ने देवतागण, गुफामा बस्ने नाना आकारका ठूला ठूला देवतागणलाई प्रशस्त शक्ति भएका शूरा, ठूला, तपस्वी, प्रमथगणले श्रद्धापूर्वक दिइएको उपहार बलि ग्रहण गर्नुहवस् । हे देवगण ? तपाईंहरूलाई म नमस्कार गर्दछु" भनेर वारंवार नमस्कार गर्नुपर्दछ ।

[4] यात्राबाट फर्केपछि के गर्ने ?

हे देवगण ? विजय यात्रामा जान लागेका हाम्रा राजाका परिवार र राज्यको रक्षा गर्नुहवस् भनेर पुरोहितले प्रार्थना गर्नू ।

राजाले हात जोडेर हे देवगण ? नाना रूप लिएर मेरा सेनाका अधिपछि लागेर आउनुहवस् । तपाईंहरूका प्रसादले सारा शत्रुलाई जितेर राजधानीमा फर्केपछि विशेष बलि उपहार गर्नेछु । मेरो यात्रा सफल पार्नलाई सहायता गर्नुहवस् भनेर राजाले वारंवार प्रार्थना गर्नू ।

---

1 पक्वाममांसदधिफलकुसुमासवपायसप्रतिसराभिः ।
मूलकर्मेक्षैर्गन्धैर्गुग्गुलमुख्यैस्ततो धूपैः ।।
सांवत्सरसचिवपुरोहिताप्तपुरुषायुधीयपरिवारः ।
यायान्नगरचतुष्पथमभुक्तवस्त्रोत्तरीयाङ्गः ।। पृ. १३७

2 अर्द्धनिशायामुदयति सौम्ये वक्रेऽथवा तदंशे वा ।
दद्याद्बलिं दिशासु पुरोहितः क्रमशः ।। पृ. १३८,

3 द्वारत्रिकचतुष्काट्टपुरनिष्कुटवासिनः ।
महापथनदीतीरगुहागह्वरवासिनः ।।
विश्वरूपा महारूपा महासत्वा महाव्रताः ।
प्रमथाः प्रतिगृह्णीध्वमुपहारं नमोऽस्तु वः । पृ. । १३८

4 निवृत्त मात्रः पुनरप्यहं हि भो
विजित्य शत्रुं भवतां प्रसादात् ।
अतो विशिष्टं बहुवित्तमुत्तमं
बलिं हरिष्ये विधिनोपपादितम् ।। पृ. १३८,

[1]ग्रहयागमा के के गर्ने ?

पहिले अप्रतिरथ मन्त्र (जसमा यात्राका सम्बन्धलाई विशेष सङ्केत गरिएको छ) सामवेदको छैटौं प्रपाठकका 'आमन्द्रैरा' इत्यादि २७–२८–२९ मन्त्र । अभयगण शुक्लयजुर्वेद संहिताको ३६ सौं अध्याय । अपराजित–सामवेद उत्तरार्चिको ६ । १, २, १ 'उत्वामदन्तु सो होमा' भन्ने मन्त्र । शर्ममन्त्र - सामवेद अरण्यगान षष्ठ प्रपाठकको द्वितीय अध्यायको 'वाङ्मनः प्राणाप्राणः' इत्यादि १७ मन्त्र । वर्ममन्त्र–शुक्लयजुर्वेद संहिताको १७ अध्यायको ४९ मन्त्र 'मर्माणि ते वर्मणाच्छादयामि' इत्यादि । स्वस्त्ययन मन्त्र 'स्वस्तिन इन्द्रो वृद्धश्रवा': इत्यादि शु. य. वे. अ. म ..... उपर्युक्त पाँचै गणले पहिले हवन गर्नू । त्यसपछि भूतगण सामवेद ६ प्रपाठक २३ सौं मन्त्र 'हाउ हाउ हाउ भूता ओवा' इत्यादि । 'यत्ते सोम दिवि' शुक्ल यजुर्वेद सं. ६ अध्या २३ सौं मन्त्र । इन्द्रगण–ऋग्वेद संहिता अ. २ वर्ग ७ को 'यो जात एव प्रथमो' इत्यादि ५ मन्त्र । चन्द्रगण–सामवेद संहिताको ११, १, ३२–३४ मन्त्र 'चन्द्रमा आ उ वा प्सवान्ता उ वा' इत्यादि ४ मन्त्र र अरू आशीर्वाद मन्त्र पढेर हवन गर्नू । यसप्रकार विधिपूर्वक प्रस्थान गर्ने राजाको यात्रा विफल कहिल्यै पनि हुंदैन । यति काम समाप्त भएपछि पुरोहितले अग्निको प्रार्थना गर्नू । हे अग्नि, राजालाई दिव्यदृष्टि देऊ, बल देऊ, तेज देऊ, हे हव्यवाहन ? जसोगरी तपाईं अजेय हुनुहुन्छ, त्यस्तै हाम्रा राजालाई पनि अजेय गरिदिनु-हवस् । यस्ता प्रकारको प्रार्थना सकेपछि अब म अग्निको परीक्षा गर्दछु र शुभाशुभ बताउनेछु भनेर यज्ञबाट राजा लाई बिदा दिनू ।

[2]यात्राको आरम्भ कहाँबाट गर्ने ?

यात्राका समयमा अष्टदिक्पालको पूजा र ध्यान गर्नू । जस्तै– पूर्व दिशामा इन्द्र र सूर्यको, आग्नेयमा अग्नि र शुक्रको, दक्षिणमा यमराज र मङ्गलको, नैऋत्यमा रा र राक्षसको, पश्चिममा वरुण र शनिको, वायव्यमा वायु र चन्द्रमाको, उत्तरमा कुवेर र बुधको, ईशानमा रुद्र र बृहस्पतिको ध्यान र पूजा गर्नू । अनि सेतो छाता र सेतो चमर लिएका व्यक्तिले युक्त भएर वन्दीजनले गाउँदै, ब्राह्मणले वेद ध्वनि गर्दै, जय जय शब्दले गुञ्जायमान पार्दै, प्रस्थान शुरू गर्नू । कल्याण नाम भएका मन्त्रीहरू, जस्तै - जयराज, सङ्ग्रामराज, व्याघ्रराज, रणशार्दूल, जय-सिंह इत्यादि र आत्मीयजन, शस्त्रधारी पुरुषहरू, दैवज्ञ र चोपदारहरूका बीचमा बसेर आफ्नो निवासस्थान वा देवमन्दिर अथवा प्रधान पट्टमहिषीका निवासस्थान वा गुरुको निवासस्थानबाट यात्रा शुरू गर्नू । यात्रा शुरू गर्दा सर्व-प्रथम दाहिने पाउ पहिले चाल्नू । बत्तीस कदमसम्म पैदलै गएर पूर्वदिशाको यात्रा भएमा हात्तीबाट, दक्षिणदिशाको भए रथबाट, पश्चिमदिशाको भए घोडाबाट, उत्तरदिशाको भए नरयानबाट यात्रा शुरू गर्नू । सवारीमा चढ्ने समयमा तिलपात्र दान गर्नू र ब्राह्मणसित अनुमति लिएर सवारीमा चढ्नू ।

---

1 ततोऽप्रतिरथं कृत्स्नं यात्रालिङ्गं च यद् भवेत् ।
आयुष्यमभयं चैव सर्वं चैवापराजितम् ।।
शर्म वर्म गणं चैव तथा स्वस्त्ययनं गणम् ।
एतान् पञ्चगणान् हुत्वा संस्थाप्याग्नि यथाविधि ।।
भूतभूतेति च गणे यत्ते चन्द्रस्तथैव च ।
ऐन्द्रो गणस्तथा चान्द्रो मन्त्राशीः सूक्तमेव च ।।
भूयो भूयस्तथा ज्वालां संस्पृष्याथ पुरोहितः ।
स्पृशेच्च नृपतिं मन्त्रैरुच्चैर्भूयात् पुनः पुनः ।। पृ. १७७–१८१,

2 कल्याणनामसचिवाप्तजनाऽऽयुधीय
दैवज्ञविप्रजनकञ्चुकिमध्यसंस्थः ।
द्वात्रिंशतं समुपगत्य पदानि भूमौ
प्रागादि नागरथवाजिनरैः प्रयायात् ।।
स्वनिकेताद्देवगृहात्प्रधानदाराश्रयाद्गुरुगृहाद्वा ।
यायात् कृताग्निकार्यः प्राश्य हविष्यं द्विजानुमतः ।। पृ. १८६,

[1]राजधानीमा बस्ती कसरी बसाल्ने ?

मुख्य राजधानीको पूर्वभागमा राजदरबार बस्नुपर्दछ, आग्नेयकोणमा राजकुमारको निवासस्थान, दक्षिणमा सेनापतिको, नैर्ऋत्यकोणमा दूतावास र सचिवको निवास-स्थान, पश्चिममा धनीमानिसहरूको, वायव्यकोणमा मुख्य-गुप्तचरको, उत्तर दिशामा पढेलेखेका विद्वान्हरूको, ईशानमा हात्तीशालाको मुख्य हाकिमको निवासस्थान हुनु-पर्दछ । साधारणतया पूर्वमा क्षत्रियहरू, दक्षिणमा वैश्य-वर्ग, पश्चिममा शूद्रजाति, उत्तरमा ब्राह्मणजाति हुनु-पर्दछ ।

आठ दिशाको ३२ भेद हुन्छ, जस्तै-पूर्वोक्त ८ दिशा र निम्नलिखित २४ मिलाएर ३२ भेद मानेको हो । जस्तै- पूर्व र आग्नेयकोणका बीचमा कोषाध्यक्ष, अग्निका संबन्धबाट जीविका चलाउने जस्तै सुनार, कौ, बिजुलीका कामदारहरू [तपस्वीहरू] । आग्नेय र दक्षिणका बीचमा शिल्पी (कलाकार), भिक्षु, नाचगान गर्ने स्त्रीहरू । दक्षिण र नैर्ऋत्यका बीचमा मदमत्त हात्ती, गाइको गोठ र गोठाला, धार्मिक पुरुषहरू । नैर्ऋत्य र पश्चिमका बीचमा स्त्रीहरू, सूतिकागृह, चोरहरू । पश्चिमर वायव्य-का बीचमा मादक वस्तुका व्यापारी, चराचुरुङ्गीका व्यापारी, माझी, शिकारीहरू र रिसाहाहरू । वायव्य र उत्तरका बीचमा विष प्रयोग गर्ने, गाईका गोठ, इन्द्रजाल आदि नयां नयां खेल तमाशा देखाउने । उत्तर र ईशानका बीचमा धनीमानी व्यक्तिहरू, ज्योतिषि र माली । ईशान र पूर्वका बीचमा विष्णुका भक्त, कुमालेहरू, चामल र पीठो आदि कुट्ने पिध्ने व्यवसायीहरू र तबेलाका हाकिमको निवासस्थान हुनुपर्दछ ।

संक्षेपमा केही विषयको परिचय गराउनाका साथै यस ग्रन्थमा यात्राकाल निर्णय, यात्रालग्नको विचार, शुभा-शुभयोग, तिथिवारनक्षत्रादिको विचार, ग्रहफलको विचार, चन्द्रमाको बलाबलविचार, गोचरफल, व्यतीपातको विचार, गुह्यकपूजा, दुःस्वप्न र सुस्वप्नको विचार, विधिपूर्वक विजयस्नानको वर्णन, ग्रहयज्ञको वर्णन, अग्निलक्षण, प्रस्थान-संबन्धी निर्णय, हात्तीको शुभाशुभ लक्षण, घोडाको शुभाशुभ लक्षण, शुभाशुभ शकुनको विचार, श्याल र श्यालिनीको झ्वाइबाट हुने शुभाशुभको विचार, काकको शब्दबाट हुने शुभाशुभको विचार, कुकुरको चेष्टाबाट हुने शुभाशुभको विचार, बाटाको लक्षण, यात्रा शुरू भएपछि कस्ता जमीनमा बस्ने, वासभूमिको लक्षण, वायु, मेघ, वर्षा, इन्द्रधनु, वज्र, उल्का, भूकम्प, संध्या, परिवेष, नीहार, पांसु, गन्धर्व-नगर आदिको लक्षण र यात्रामा चाहिने विषयहरूको यस ग्रन्थमा विशेषतापूर्वक वर्णन छ ।

आचार्य वराहमिहिर आपना समयका प्रसिद्ध ज्योतिषी थिए । यिनले लेखेका ज्योतिषका तीनै शाखाका (संहिता, सिद्धान्त, होरा) ग्रन्थहरू पाइन्छन् । यिनले आपनो जन्म-काल स्पष्ट लेखेका छैनन् तापनि आपनो करणग्रन्थ पञ्चसिद्धान्तिकामा गणित आरम्भ वर्ष शाक संवत् ४२७ मानेको छ । यदि पञ्चसिद्धान्तिका ४२७ मानै लेखेको भए यिनको जन्म शक संवत् ४०७ हुनुपर्दछ । किनकि २० वर्षभन्दा कम उमेरमा यस्तो ग्रन्थ रचना गर्न असम्भव छ । धेरैजसो ज्योतिषका इतिहासकारहरूको मत शाके ४०७ नै हो भन्ने छ ।

---

1 राजाकुमारो नेता च दूतः श्रेष्टी चरो द्विजः ।
गजाध्यक्षश्च पूर्वाद्याः क्षत्रियाद्याश्चतुर्दिशम् ।। पृ॰ २१८,

श्रीनिवास मल्ल र योगनरेन्द्र मल्लका ताडपत्र तमसुकहरू

शङ्करमान राजवंशी

